# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९

## सुनकोशी गाउँपालिका, सिन्धुपाल्चोक




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एवं नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट् सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal


**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, बागमती प्रदेश**

पत्र संख्याः २०७८।७९
च.नं.-६३० मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
सुनकोशी गाउँपालिका, सिन्धुपाल्चोक ।

**कैफियत सहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. यस गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.३ करोड ५२ लाख ७७ हजार बेरुजू देखिएको छ। सो मध्ये असुल गर्नुपर्ने रू.४४ लाख ७१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ४४ हजार, नियमित गर्नुपर्ने रू.१ करोड ७ लाख ६२ हजार रहेको छ।पालिकाको गतवर्ष सम्म रु.२ करोड ८ लाख ६२ हजार बेरुजु बाँकी रहेकोमा आ.व.०७६।०७७ को बक्यौता लेखापरीक्षण प्रतिवेदनबाट कायम बेरुजु रु.२ करोड ७७ लाख ६१ हजार रहेको तथा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट् एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. ७ करोड ६६ लाख १२ हजार रहेको छ । पालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. यस गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(त्रिलोचन आचार्य)
नायब महालेखापरीक्षक

# सुनकोशी गाउँपालिका, सिन्धुपाल्चोक

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४७ | ४३ | ३५२७७ | ० | ० | ० | ४७ | ४३ | ३५२७७ | ४४७१ | १०७६२ | २००४४ | ० | ० | ३०८०६ | ० |

## अद्यावधिक बेरुजू स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | स्थानीय तह | आ.व.०७५।०७६ सम्मको बाँकी बेरुजु | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | आ.व.०७६।०७७ को लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| सिन्धुपाल्चोक | सुनकोशी गाउँपालिका | २०८६२ | ० | ७२८८ | १३५७४ | २७७६१ | ३५२७७ | ७६६१२ |

यस पालिकाको आर्थिक वर्ष २०७७।७८ को लेखापरीक्षणबाट देखिएका व्यहोराहरु समावेश गरी जारी भएको प्रारम्भिक प्रतिवेदनको दफा ७०.३ लाई निम्नानुसार संशोधन गरिएको छ।

<table>
<tr><th>क्र.सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७०.३</td><td></td><td></td><td>स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७७ को नियम १५ (३) मा कुनै आयोजनाको कार्यान्वयनको सम्बन्धमा समय, लागत र गुणस्तर सम्बन्धी कुनै प्रश्न उठेमा निर्देशक समितिले सो सम्बन्धमा अनुगमन र जाँचबुझको लागि विशेष अनुगमन टोली गठन गर्न सक्ने व्यवस्था छ। यस पालिकाबाट कार्यान्वयन गरिएका स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गतका निम्न योजनाहरुको स्थलगत अनुगमन गर्दा उपभोक्ताहरु बिच निर्माण स्थल र योजना कार्यान्वयनको विषयमा बिबाद रहेको देखियो।
<table>
<tr><th>सि.नं.</th><th>योजनाको नाम</th><th>कन्टिन्जेन्सी सहित खर्च रकम</th></tr>
<tr><td>१.</td><td>रतुवापाटी महाँकाल सडक</td><td>१०००००० ।००</td></tr>
<tr><td>२.</td><td>सेरा बगर सडक</td><td>१०००००० ।००</td></tr>
<tr><td></td><td></td><td>२०००००० ।००</td></tr>
</table>
स्थलगत अवलोकन र स्थानीय उपभोक्ताहरुसँग छलफल गर्दा योजना कार्यान्वयनको क्रममा सरोकारवाला लाभग्राही समुदायसँग पर्याप्त छलफल नभएको तथा प्रतिनिधि सभाका सम्बन्धित माननीय सदस्यज्यूसँग समेत समन्वय नगरी काम गरेको जानकारीमा आयो।तसर्थ उल्लेखित रकम खर्च गरी कार्य सम्पन्न भएको भन्ने सम्बन्धमा निर्देशक समितिले अनुगमन गरी पूर्व निर्धारित योजना अनुसार बजेटको सदुपयोग भए नभएको सुनिश्चित गरिनु पर्दछ।</td><td>२००००००</td></tr>
</table>

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : सुनकोशी गाउँपालिका, सिन्धुपाल्चोक , सुनकोशी गाउँपालिका , सिन्धुपाल्चोक

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | वीर बहादुर बस्नेत | २०७६-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | तारा प्रसाद निरौला | २०७७-४-१ | २०७८-३-३१ |
| | | **बेरुजु रकम** | ३५,२७७,४९४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ५,१३,८५,२०५.९६ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३३,०८,५१,५४० | चालु खर्च | ३०,२०,५६,८२२.९ |
| प्रदेश सरकारबाट अनुदान | ५,५३,३९,००० | पूँजीगत खर्च | १८,९७,२३,१२९ |
| राजश्व बाँडफाँट | ६,५१,८४,६५५.९३ | वित्तीय/अन्य व्यवस्था | ८,४४,७५,४०९ |
| आन्तरिक आय | १,५८,९३,९८४.२६ | | |
| अन्य आय | ८,६१,१६,२१७ | | |
| कुल आय | ५५,३३,८५,३९७.१९ | कुल खर्च | ५७,६२,५५,३६०.९ |
| बाँकी मौज्दात | | २,८५,१५,२४२.२८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **लेखापरीक्षण**<br>उल्लिखित आर्थिक कारोबारकोलेखापरीक्षण ऐन २०७५ को दफा ४ तथा स्वीकृत वार्षिक लेखापरीक्षण योजना २०७८ अनुसार नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमको अधिनमा रहि कार्यालयबाट पेश गरिएको वार्षिक कार्यक्रम लगायतका कागजात तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदन र व्यवस्थापन प्रतिनिधित्व पत्र समेतलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरुको सम्बन्धमा कार्यालय प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल सम्पन्न गरि कायम भएका व्यहोराहरु निम्नानुसार रहेका छन् । | |
| २ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी, र न्यायिक अभ्यासलाई सस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने समग्र उद्देश्य हासिल गर्न २०७३।१२।०३ मा यस पालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकाको वडा संख्या ७, पालिका सभा सदस्य ३७, जनसंख्या १५३०७ जना र क्षेत्रफल १४३.७५वर्ग किलोमिटर रहेकोछ । | |
| ३ | | | **वित्तीय विवरण**<br>**स्थानीय सचित** कोष अर्थिक वर्ष २०७७/०७८ को स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ । | |

| विवरण | टिप्पणी | यस वर्षको रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ती/भुक्तानी | बस्तुगत / सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५८५७५६१९२ | ५५३३८५३९७ | ० | ५५३३८५३९७ |
| क.प्राप्ती (संचितकोषमा आम्दानी बाँधिने) | | ४९९१०५१९२ | ४६७२६९१८० | ० | ४६७२६९१८० |
| 1100 कर | ११ | ६७७३८२०४ | ६५१८४६५६ | ० | ६५१८४६५६ |
| 1300 अनुदान | | ४०५३८८१४० | ३९४१३७५३२ | ० | ३९४१३७५३२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय सरकार | १२ | ३३९३७९१४० | ३३०८५११५४० | ० | ३३०८५११५४० | |
| | | | | प्रदेश सरकार | १२ | ६६००९००० | ५५३३९००० | ० | ५५३३९००० | |
| | | | | आन्तरिक श्रोत | | ५०००००० | ४१९९१४० | ० | ४१९९१४० | |
| | | | | १४०० अन्य राजस्व | १२ | २०९७८८४८ | ३७४७८५२ | ० | ३७४७८५२ | |
| | | | | ख. अन्य प्राप्ती | | ८६६५१००० | ८६११६२१७ | ० | ८६११६२१७ | |
| | | | | वितरण गर्न बाँकी राजस्व | | ० | ० | ० | ० | |
| | | | | कोषहरु | | ३०००००० | ३०००००० | ० | ३०००००० | |
| | | | | धरौटी | | ० | २९४४२८१ | ० | २९४४२८१ | |
| | | | | संघीय, प्रदेश सरकार र अन्य कार्यक्रम | | ८३६५१००० | ८०१७१९३६ | ० | ८०१७१९३६ | |
| | | | | भुक्तानी (ग+घ) | | ५४७३२२६६३ | ५७६२५५३६१ | ० | ५७६२५५३६१ | |
| | | | | ग. भुक्तानी (संचित कोषबाट) | | ५४७३२२६६३ | ४९१७७९९५२ | ० | ४९१७७९९५२ | |
| | | | | 21000 पारिश्रमिक/सुविधा | १८ | ३३९५३२७० | ३२४६१३३४ | ० | ३२४६१३३४ | |
| | | | | 22000 मालसामान तथा सेवाको उपयोग | १८ | ८९६१९९७७ | ८२१८४५६७ | ० | ८२१८४५६७ | |
| | | | | 25000 सहायता | १८ | ८८१८६४० | ८८१८५१० | ० | ८८१८५१० | |
| | | | | 2600 अनुदान | १८ | १९४१२३००० | १६८२२०६२८ | ० | १६८२२०६२८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 27000 सामाजिक सुरक्षा | १८ | ६४७८९२८ | ६२९९८२४ | ० | ६२९९८२४ | |
| | | | | 28000 अन्य खर्च | १८ | ४३२८९३३ | ४०७१९५९ | ० | ४०७१९५९ | |
| | | | | 31000 गैर वित्तिय सम्पती/पूँजिगत खर्च | १८ | २०९९९९९१५ | १८९७२३१२९ | ० | १८९७२३१२९ | |
| | | | | घ. अन्य भुक्तानी | | ० | ८४४७५४०९ | ० | ८४४७५४०९ | |
| | | | | कोषहरु | | ० | ३८०८३८७ | ० | ३८०८३८७ | |
| | | | | धरौटी | | ० | ४९५०८६ | ० | ४९५०८६ | |
| | | | | संघीय, प्रदेश सरकार र अन्य कार्यक्रम | | ० | ८०१७१९३६ | ० | ८०१७१९३६ | |
| | | | | दाखिला गर्न बाँकी कट्टी रकम | | ० | ० | ० | ० | |
| | | | | ङ. यो वर्षको बचत (न्युन) | | ३८४३३५२९ | -२२८६९९६४ | ० | -२२८६९९६४ | |
| | | | | च. गत वर्षको जिम्मेवारी रकम | | | ५१३८५२०६ | ० | ५१३८५२०६ | |
| | | | | वर्षान्तको बाकी रकम (ङ+च) | | ३८४३३५२९ | २८५१५२४२ | ० | २८५१५२४२ | |
| | | | | बैक तथा नगद बाँकी | | | २८५१५२४२ | ० | २८५१५२४२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **वित्तीय विश्लेषण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्<br>·सुत्रले तयार गरेको म.ले.प.फा.२७२ को संचितकोषको प्राप्ति शुन्य रहेकोमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रामाणित आर्थिक विवरण अनुसार संघीय सरकार अनुदान तर्फ रु.३३०८५११५४० र प्रदेश सरकार अनुदान रु.५५३३९०००, पालिकाको आन्तरिक लेखापरीक्षकबाट प्रमाणित आर्थिक विवरण अनुसार आान्तरिक श्रोततर्फ रु.४१९९१४०, संघ तथा प्रदेश राजश्व बाँडफाँड रु.६५१८४६५६ र अन्य राजस्व रु.३७४७८५२ सहित संचितकोषको प्राप्ती रु.४६७२६९१८०रहेको छ । सोही अनुसार वित्तीय विवरण प्रस्तुत गरेको छ ।<br>·म.ले.प.फा.२७२ को अन्य प्राप्ती तर्फ संघ प्रदेश सरकारका अन्य कार्यक्रमहरु समावेश नभएको तथा सिग्याबाट सोझै सम्बन्धितलाई भुक्तानी हुने भएकोले संचितकोषको आम्दानी तथा खर्च रु.८०१७१९३६ ले वृद्धी भएकोमा हिसाब समायोजन गरिएको एकीकृत आर्थिक विवरण पेश गरेको छ ।<br>· पालिकाले पेश गरेको एकीकृत वित्तीय विवरणमा कर्मचारी कल्याण कोषतर्फको रकम समावेश गरेको देखिएन । कर्मचारी कल्याण कोषमा गत वर्षको मौज्दात रु.१११३७३० रहेको छ ।<br>· पालिकाले पेश गरेको एकीकृत वित्तीय विवरणमा गत वर्षको मौज्दातमा रु.५१३८५२०५.९६ देखाएकोमा आर्थिक वर्ष २०७६।७७ को पालिकाले पेश गरेको प्रमाणित एकीकृत आर्थिक विवरण अनुसार रु.५३२१७४७१.९६ रहेको छ । सोही अनुसार म.ले.फा.नं.२७२ प्रस्तुत गरिएको छ ।<br>·म.ले.प.फा.नं.२७२ पालिकाको एकीकृत वित्तीय विवरण तथा संचितकोषमा सबै प्रकारका आम्दानी समावेश नभएकोले बैक बाँकी ऋणात्मक रहेको छ । उपरोक्त अनुसार हिसाब समायोजन गर्दा बैक बाँकी रु.७५९४१४८९ हुने देखिन्छ । साथै बैक स्टेटमेन्ट अनुसार समेत रु.७५९४१४८९ नै बाँकी देखिएकोले सोही अनुसार बैक हिसाब समायोजन हुनुपर्दछ ।<br>·म.ले.प.फा.नं.२७२ अन्य भुक्तानी तर्फ कोष तथा धरौटी र संघ प्रदेश सरकारका अन्य कार्यक्रमहरु गरि कुल रु.७७३३७६३२।०० तथा खर्च रु.७५५७८६९८ रहेको देखिन्छ ।<br>·स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS basedढाँचाको पुर्ण प्रयोग गरी प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **माटो र चट्टानको अनुपात**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नम्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै माटो र चट्टान काट्ने कार्यको अनुपात (Soil & Rock cutting Ratio) निर्धारण गर्दा विस्तृत सर्भे, डिजाइन रिपोर्ट (DPR) वा स्वाइल टेष्टको आधार लिएर गर्नुपर्दछ । कार्यालयले उक्त आधारहरु बेगरै क्रस सेक्शन ड्रइङ्ग समेत नराखी स्वाइल र रक कटिङ्गको अनुपात निर्धारण गर्ने गरेको पाइयो । पालिकाबाट सञ्चालित मोटरबाटो योजनाहरुको भुक्तानीको स्रेस्ता परीक्षण गर्दा नरम तथा कडा चट्टान ७ देखि ४० प्रतिशतसम्म राखेको पाइयो । प्राविधिक पुष्ट्याइँ तथा आधार र क्रस सेक्शन ड्रइङ्ग बेगर लागत बढी पर्ने आईटममा बढी अनुपात राखी भुक्तानी गर्दा लागत वृद्धि हुने अवस्था देखिएको छ । यस किसिमको प्रवृत्तिमा सुधार हुनुपर्दछ । | |
| ६ | | | **चौमासिक खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वन गर्ने प्रत्येक कार्यालये अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष पुजिगतर्फ रु.१८९७२३१२९ खर्च गरेकोमा प्रथम चौमासिकमा रु.२७५११२६१ अर्थात कुल खर्चको तुलनामा १४.५० प्रतिशत, दोस्रो चौमासिकमा रु.३८८८९४२४ अर्थात कुल खर्चको तुलनामा २०.५० प्रतिशत र तेस्रो चौमासिकमा रु.१२३३२२४४४ अर्थात कुल बजेट खर्चको ६५ प्रतिशत खर्च गरेको छ । जसमध्ये असार महिनामा मात्र रु.७४५१५५१९।०० अर्थात कुल खर्चको तुलनामा ३९.२८ प्रतिशत खर्च गरेको छ । तसर्थ आर्थिक वर्षको अन्तमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । साथै नियमावलीको व्यवस्था अनुसार पालिकाले त्रैमासिक लक्ष्य सहितको कार्यक्रम स्वीकृत गरी अख्तियारी दिने र सोही अनुसार खर्च र प्रगति विवरण विवरण तयार गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ७ | | | **आन्तरिक नियन्त्रण**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• अध्यक्षको संयोजकत्वमा योजना अनुगमन समिति गठन भएको छ ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, 2049 वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ८ | | | **योजना छनौट**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ९ | | | **शिक्षक अभिलेख**<br>शिक्षा नियमाबली, २०५९ को परीच्छेद ३ नियम १६ मा सामुदायिक तथा सरकारी बिद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य बिबरण अभिलेख अद्याबधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ । कार्यालयले नियमाबलीमा व्यवस्था भए बमोजिमको शिक्षकको विद्यालयगत दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका शिक्षक सम्बन्धी बिबरण आदीको अभिलेख राखेको पाईएन । तसर्थ नियमाबलीको परिपालना गरि शिक्षक सम्बन्धी अभिलेखको उचित व्यबस्थापनमा ध्यान जानुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १० | | | **अनुदान**<br>पालिकाले गोभौ ७९ मिति २०७७।१०।१८ बाट बाघभैरव माध्यामिक विद्यालयलाई विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एबम कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तरगत रु.५० लाख अनुदान उपलब्ध गराएको छ । विद्यालयले पेश गरेको प्रस्ताव अनुसार निम्नानुसार शिर्षकमा खर्च गर्ने गरी प्रास्तव गरेकोमा खर्च भएको देखिने विल भरपाई पालिकामा पेश भएको देखिएन । जसकारण पालिकाबाट शिक्षक तलब, ल्याब सामाग्री खरिद, प्रअ भत्ता, कर्मचारी तलब लगायतमा नियमित शिर्षकहरुबाट निकासा जाने भएकोले अनुदानसँग दोहोरो परे नपरेको यकिन गर्न सकिएन । साथै विद्यालयले खरिद विधि पालना गरे नगरेको प्रास्तावमा उल्लेख भए भन्दा फरक शिर्षक तथा कार्यमा खर्च गरे नगरेको यकिन गर्न समेत सकिएन । तसर्थ अनुदान उपलब्ध गराएको रकम खर्च भएको पुष्टी हुने प्रमाण कागजात, जिन्सी दाखिला तथा पालिकाबाट भएको अनुगमन प्रतिवेदन पेश हुनुपर्ने देखिएको रु | ५,०००,००० |

| सि नं | प्रस्तामा उल्लेख भएको कार्य | रकम |
| --- | --- | --- |
| १ | ल्यापट खरिद | १२००००० |
| २ | प्रोजेक्टर खरिद | ३२०००० |
| ३ | कर्मचारी तलब | १७००००० |
| ४ | प्रअ भत्ता | ३००००० |
| ५ | थप कक्षा व्यवस्थापन | ३२०००० |
| ६ | आवासीय सुविधा | २५०००० |
| ८ | अन्य २५ प्रकारका कार्यको लागि | ९१०००० |
| | जम्मा | ५०००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **स्यानिटरी प्याड**<br>स्यानीटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ को बुदा नं ५ मा विद्यालयमा रहेका छात्राको संख्याको यकिन गरी विद्यालयले माग गरे अनुसार स्यानीटरी प्याड उपलब्ध गराउने तथा बुदा नं ६ मा विद्यालयले पालिकाबाट प्राप्त स्यानीटरी प्याड जिन्सी खातामा अभिलेख व्यस्थित गरी छात्राहरुको नामनामेसी स्पष्ट खुल्ने गरी वितरणको अभिलेख अध्याविधिक गर्नुपर्ने व्यवस्था छ । साथै सोही कार्यविधिमा विद्यालयबाट वितरण भएको स्यानीटरी प्याडको वितरणको अवस्था लगायतका विषयमा पालिकाबाट अनुगमन हुनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष गोभौ ५७ बाट रु.४९२३९० को ८३०० पाकेट र गोभौ ११६ बाट रु.४२४९८६ का ८००२ पाकेट गरी कुल रु.९१७३८४ का १६३०२ स्यानीटरी प्याड सोझै खरिद देखिन्छ । तर विद्यालयहरुले कार्यविधिमा तोकीए अनुसार छात्राहरुलाई वितरण गरेको नामनामेसी सहितको अभिलेख तथा पालिकाबाट भएको अनुगमन सम्बन्धी प्रमाण लेखापरीक्षणको क्रममा पेश हुन सकेन । तसर्थ पालिकाको जिन्सि शाखामा बिद्यालयका प्रधानाध्यापकलाई बुझाई खर्च जनाए अनुसारको सेनिटरी प्याड कार्यबधिको बुदाँ नम्बर ६ बमोजिम सम्बन्धित बिद्यालयहरुले अध्ययनरत छात्राहरुलाई बितरण गरेको नामनामेसि सहितको बिबरण पेश गर्नु पर्दछ । रु | ९१७,३८४ |
| १२ | | | **दिवा खाजा**<br>शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं.२.७.११.१ अनुसार विद्यालयको प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बाल बालिकाहरुका प्रति विद्यार्थी दैनिक रु १५ का दरले दिवा खाजा उपलब्ध गराउने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष ३५ विद्यालयलाई दिवा खाजा वापत विद्याललले उपलब्ध गराएको तथ्यांकको आधारमा रु.२७६९०६० ।०० उपलब्ध गराएको छ । विद्यालयले उपलब्ध गराएको तथा माग गरेको तथ्यांक अनुसार नै खाजा वितरण भए नभएको सम्बन्धमा अनुगमन हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **आई सी टी प्रयोगशाला**<br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट तयार पारिएको कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रमबाट माध्यमिक विद्यालयहरुमा शिक्षण सिकाइमा आ.इ.सि.टी प्रयोग र विज्ञान प्रयोगशाला स्थापनाका लागि एकमुष्ट अनुदान रकम उपलब्ध गराउने र सो रकमबाट तोकिएको अनुसारका सामाग्री खरिद गरे नगरेको अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार ८ विद्यालयलाई रु ५२०००००० अनुदान रकम उपलब्ध गराएकोमा विद्यालयहरुले सामान खरिद गरेको विल पालिकामा उपलब्ध गराएका छन् । तर उक्त विल बाट खरिद गरिएका सामाग्रीहरु विद्यालयको जिन्सी खातामा दाखिला भएको देखिने जिन्सी अभिलेख पेश भएको देखिएन । तसर्थ उपलब्ध अनुदान रकम सोही अनुरुप खर्च भएको सुनिश्चित गर्न पालिकाबाट अनुमगन हुनुपर्दछ । | |

| गोभौ | विद्यालयको नाम | वापत | रकम |
|---|---|---|---|
| २४३ | महेन्द्रोदय मावि | पुस्ताकालय तथा विज्ञान प्रयोगशाला | ६५०००० |
| २४३ | बाघ भैरव मावि | कम्प्युटर ल्याब | ६५०००० |
| २४३ | बाघ भैरव मावि | पुस्ताकालय तथा विज्ञान प्रयोगशाला | ६५०००० |
| २११ | महेन्द्रोदय मावि | आई सि टी ल्याब | ६५०००० |
| २८८ | गणेश मावि | आई सि टी ल्याब | ६५०००० |
| २९४ | ठोकर्पा मावि | विज्ञान प्रयोगशाला | ६५०००० |
| २९५ | जनजागृती मावि | विज्ञान प्रयोगशाला | ६५०००० |
| ३९४ | कोल्दुङ्ग मावि | पुस्ताकालय | ६५०००० |
| | | जम्मा | ५२०००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **पाठ्यपुस्तक**<br>शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं.२.४.६.१. मा सार्वजनिक बिद्यालयका बिद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान सम्बन्धि व्यवस्था छ । जसअनुसार पालिकाले ईमिसमा प्रबिष्ट तथ्यांकलाइ सम्बन्धित विद्यालयबाट कक्षागत बिद्यार्थीहरुको यथार्थ तथ्यांकसँग सत्यापन गर्ने तथा सत्यापित बिबरण को आधारमा कक्षागत तथा बिषयगत पाठ्यपुस्तकको संख्या यकिन गरी पाठ्यपुस्तक अनुदान दिनु पर्ने व्यबस्था रहेको छ । गाउँपालिकाले यो वर्ष पालिका भित्रका ३३ विद्यालयमा पाष्ठपुस्तक अनुदान वापत १०० प्रतिशतले हुने रकम रु.१५९६७६९ र नपुग थप रु.१२६४०२ गरी कुल रु.१७२३१७१ निकासा दिएको छ । सत्यापन बेगर विद्यालयले ईमिसमा प्रविष्टी गरेको तथ्यांकका आधारमा निकासा दिएकोले तोकीए बमोजिक पाठस्पुस्तक वितरण भए नभएको पालिकाबाट अनुगमन भएको देखिएन । तसर्थ पाठ्पुस्तक वितरण सम्बन्धमा पालिकाबाट अनुगमन हुनुपर्दछ । | |
| १५ | | | **मेसिनको प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएको छ । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । | |
| १६ | | | **ठेक्का अभिलेख**<br>सार्वजनिक निकायले ठेक्का बन्दोबस्त गरि निर्माण गरेको कार्यहरुको विवरण स्पष्ट देखिने गरी ठेक्का अभिलेख खाता महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा तयार सुरक्षित राख्नुपर्ने कानुनी व्यवस्था रहेको छ । यस कार्यालयले यस वर्ष ५ वटा ठेक्का व्यवस्थापन भएको र गत विगत वर्ष ठेक्का व्यवस्थापन गरेका योजनहरुको स्वीकृत म.ले.प.फा.नं. ५०७ अनुसारको ढाँचामा ठेक्का अभिलेख राखेको पाईएन । जसबाट एक भन्दा बढी रनिङ बिल भुक्तानी तथा बहुवर्षीय योजनाको एकीकृत भुक्तानी अभिलेख प्राप्त हुन सकेन । तसर्थ तोकिएको ढाँचामा ठेक्का अभिलेख राख्ने व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ । | |
| १७ | | | **जटील संरचना** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१७.१</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका कार्यालय तथा अन्य भवन, ओभरहेड टंकी लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :<br>
<table>
<tr><th>गो.भौ.</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>कार्य सम्पन्न</th><th>पालिकाले खर्च लेखेको रकम</th></tr>
<tr><td>५६९</td><td>वडा कार्यालय ३ भवन</td><td>आर सीसी स्टक्चर भवन</td><td>३९००८५१</td><td>३५५६९९०</td></tr>
<tr><td>५०८</td><td>यमुनाडँडा स्वास्थ्य चौकी भवन</td><td>आर सीसी स्टक्चर भवन</td><td>१६३३५५२</td><td>१४५५०००</td></tr>
<tr><td>५०४</td><td>वडा कार्यालय ५ भवन</td><td>आर सीसी स्टक्चर भवन</td><td>२५२४९६८</td><td>२१५२४७१</td></tr>
<tr><td>३९७</td><td>वडा नं २ स्वास्थ्य चौकी भवन</td><td>आर सीसी स्टक्चर भवन</td><td>३५७१२४६</td><td>३१०२०००</td></tr>
<tr><td>३७९</td><td>वडा कार्यालय ४ भवन</td><td>आर सीसी स्टक्चर भवन</td><td>२५२२२१६</td><td>२१९३०००</td></tr>
</table>
नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७.२</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति तथा लाभग्राही समुदायलाई हस्तान्तरण नहुने योजनाहरु उपभोक्ता समितिबाट गराउन मिल्ने व्यवस्था गरेको देखिदैन । माथि उल्लेख भए अनुसार कार्यालय भवन तथा सरकारी संरचना उपभोक्ता समितिबाट गराउन मिल्ने देखिदैन । तसर्थ कार्यालय प्रयोजनका लागि आवश्यक निर्माण कार्य तथा उपभोक्ता समितिलाई हस्तान्तरण नहुने योजनाहरु उपभोक्ता समितिबाट गर्ने गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **जिन्सी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन २०७६ को दफा २६ को उपदफा ४ मा कार्यालय प्रमुखले प्राप्त जिन्सी सामानहरुको मुल्य खुलाई अभिलेख राख्नुपर्ने र तोकीएको समय भित्र जिन्सीको विवरण महालेखा नियन्त्रक कार्यालयलाई पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले विभिन्न निकायबाट हस्तान्तरण भएका तथा विभिन्न निकायलाई हस्तान्तरण गर्दा जिन्सी सामानहरुको मुल्य खुलाई अभिलेखिकरण गरी सोको विवरण तयार गरेको देखिएन् । अतः ऐनको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| १९ | | | **जग्गा खरिद अनुदान**<br>नेपाल सरकार तथा मातहतका सार्वजनिक निकायाले जग्गा खरिद गर्दा जग्गा प्राप्ती ऐन २०३४ मा उल्लेख भएको विधि अनुसार गर्नुपर्दछ । पालिकाले गोभौ ४ मिति २०७७।०६।२२ बाट भूमेश्वरी माविलाई जग्गा खरिद अनुदान वापत रु.४ लाख अनुदान उपलब्ध गराएको छ । श्रेस्तामा संलग्न कागजात परीक्षण गर्दा विद्यालय भवन निर्माणका लागि तीन जना जग्गा धनीबाट रु.२०३०००० मा १९ आना जग्गा खरिद गरेको देखिन्छ । साथै विद्यालयले जग्गा खरिद गर्दा रु.१६ लाख ऋण लिएर खरिद गरेको देखिन्छ । उक्त ऋण तिर्ने प्रयोजनार्थ पालिकाले विद्यालयलाई रकम उपलब्ध गराएको देखिन्छ । तर जग्गा खरिद गर्दा जग्गा प्राप्ती ऐनको प्रकिया पालना भएको देखिएन । | |
| २० | | | **योजना कार्यान्वयन**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष पालिकाले पुँजीगततर्फ रु.१५ हजार देखि रु.९७ लाख सम्मका २९४ वटा योजनाहरुको कार्यान्वयन गरी रु.१८ करोड ९७ लाख २३ हजार खर्च गरेको छ । जुनमध्ये रु.१ लाख भन्दा मुनीका ९४ वटा, रु.५ लाख भन्दा मुनिका मात्र २०८ वटा योजनाहरु रहेका छन् भने रु.१ करोड भन्दा माथीका योजना रहेको देखिएन । यसरी स—साना तथा छरिएर रहेका योजनाहरुले दीगो तथा टिकाउ विकासको लक्ष्य हासिल गर्न समेत सक्ने अवस्था समेत देखिदैन् । साथै जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृतिका कार्यमा बढी खर्च हुने र निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु प्रतिफलमूलक नतिजा दिन सक्ने प्रकृतिका योजना तथा कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्च<br>
स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>२३१०७६०१४</td><td>२०३४१८०८७</td><td>४१.३६</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>१६३१२३९१५</td><td>१४६५७५९३४</td><td>२९.८१</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>८८९३४३३३</td><td>८५९६२५६८</td><td>१७.४८</td></tr>
<tr><td>सुशासान तथा अन्तरसम्बन्धीत क्षेत्र</td><td>३२९६०९३३</td><td>३२०७९६६९</td><td>६.५२</td></tr>
<tr><td>आर्थिक विकास</td><td>३१२२७४६८</td><td>२३७४३६९२</td><td>४.८३</td></tr>
<tr><td>जम्मा</td><td>५४७३२२६६३</td><td>४९१७७९९५०</td><td>१००.००</td></tr>
</table>
उपर्युक्त विवरण अनुसार पालिकाको सभाबाट विनियोजन बजेटमध्ये कुल खर्चको तुलनामा सबैभन्दा बढी सामाजिक विकास क्षेत्रमा ४१.३६ प्रतिशत र सबैभन्दा कम आर्थिक विकास क्षेत्रमा ४.८३ प्रतिशत खर्च रहेको छ ।अतः पालिकाको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>
सार्वजनिक जग्गाको अभिलेख तथा संरक्षण<br>
स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण तथा अभिलेखांकन गरेको देखिएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **कोभिड १९ कोषः**<br>विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ लाई नियन्त्रण तथा रोकथामको लागि अर्थ मन्त्रालयको च.नं ६९४ मिति २०७६।१२।२१ को पत्र अनुसार प्रत्येक स्थानीय तहमा कोरोना संक्रमण रोकथाम नियन्त्रण र उपचार कोष स्थापना गरी सोही कोषबाट खर्च गर्नु पर्ने व्यबस्था रहेको छ।पालिकाले उपरोक्त अनुसारको कोष खडा नगरी गापालिका चालु शिर्षकबाट रु २४,८६,२६४। खर्च गरेको देखियो । कोरोना रोकथाम तथा नियन्त्रणका लागि भएको आम्दानी तथा खर्चको यथार्थ विवरण लेखाङ्कनका लागि तोकिएको निर्देशन बमोजिम कार्यान्यिन गर्नु पर्दछ । | |
| २४ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। यस स्थानीय तहले विपन्न वर्गका लागि भनी अन्य सामाजिक सुरक्षा शिर्षकबाट रु३१५००००। बिभिन्न प्रकारका विरामी तथा विपन्न व्यक्तिलाई वितरण गरेको पाइयो।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २५ | | | **फरक जिम्मेवारी**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर पालिकाले पेश गरेको आर्थिक वर्ष २०७६।७७ को एकीकृत वित्तीय विवरण अनुसार अन्त्यमा रु.५३२१७४७१.९६ बैक बाँकी देखाएकोमा यो बर्षको शुरुमा रु.५१३८५२०५.९६ जिम्मेवारी सारेको देखियो । जस अनुसार आर्थिक वर्ष २०७६।७७ को अन्तमा बैकबाँकी मौज्दात भन्दा रु.१८३२२६६ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गरि रिकन्सिलेसन हिसाब पेश गर्नुपर्ने देखिएको रु......... | १,८३२,२६६ |
| २६ | | | **गैर कर**<br>लेखापरीक्षणमा पर्यटन सेवा शुल्क, फोहोरमैला व्यवस्थापन शुल्क जस्ता सेवा शुल्क (विभाज्य समेत) असुलीको अभिलेख पालिकाले पेश गरेको छैन। | |
| २७ | | | **राजश्व लेखा र दाखिला** | |
| २७.१ | | | पालिकाले नेपाल सार्बजनिक क्षेत्र लेखामान बमोजिम राजश्व असूलीको दुई बर्षको तुलनात्मक बिबरण देखिने गरि बित्तिय बिबरण तयार गरेको छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७.२ | | | पालिकाको आर्थिक ऐन वा सम्बन्धित ऐन बमोजिम एकिकृत संपत्तिकर असूल गरेको छैन। एकिकृत संपत्ति करको हिसाब राखि असूल गर्नु पर्दछ। | |
| २७.३ | | | पालिकाले असुल गरेको कर तथा गैरकर राजस्व तोकिए बमोजिमको अवधीभित्र सञ्चित कोष दाखिला गरेको छैन । समयमै दाखिला गर्नु पर्दछ । अन्यथा व्याज सहित असूल गर्नु पर्दछ। | |
| २७.४ | | | पालिकाको असुल गर्नु पर्ने राजस्व बक्यौताको अभिलेख लगत अद्यावधिक राखेको छैन। कार्यपालिकाबाट छपाई भएको रसिदको नियन्त्रण खाता नराखेको कारण छपाई भएको रसिद संख्या, प्रयोग भएको रसिद संख्या र बाँकि रसिद संख्या यकिन गर्न सकिएन। वडा नम्बर ७ ले प्रयोग गरेको देखिएको रसिद नम्बर २९०१ देखि २९५० र ४९५१ देखि ५००० सम्मको रसिदबाट प्राप्त आम्दानी पालिकामा बुझाएको देखिएन। यसबाट पालिकाको आम्दानी यकिन गर्न सकिएन। | |
| २७.५ | | | आन्तरीक राजश्व बिभागले २०७६ श्रावण १ गते देखि लागु हुने गरी गरेको राजश्व दाखिलाको बर्गिकरण अनुसार स्थानिय तहले आाय ठेक्कामा संकलन गरेको मुल्य अभिबृद्धिकर बापतको राजश्व ३३३१७ शिर्षकमा दाखिला गर्नु पर्नेमा २०७८।७।९ मा रु १३१३२९५।०० राजश्व शिर्सक फरक पारी ३३३१४ शिर्षकमा दाखिला गरेको देखिएकोले सम्बन्धित राजश्व शिर्षकमा दाखिला गरि हिसाब मिलान गर्नु पर्दछ। | |
| २७.६ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दशप्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दशप्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागिय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ । पालिकाले वडा कार्यालयहरु र पालिकाको राजश्व शाखाले संकलन गरी ढिला दाखिला गरेको रकममा व्याज हिसाब गरि असूल गर्नु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **मेसिन प्रयोग भएकोमा मानिसको दर**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ । पालिकाले कङ्क्रटीङ्गको म्यानुअल मिक्सिङ्ग सहित १*१.५*३ को दर प्रति घनमिटर रु.१५७४२.७४ कायम गरेको छ । साथै भवनको स्वीकृत नर्म्स अनुसार मेसि प्रयोग गरी कंक्रीटिङ्गको कार्य गराउँदा प्रति घनमिटर रु.१४८५६.२४ हुने देखिन्छ । पालिकाले लागत अनुमान तयार गर्दा म्यानुअल मिक्सिङ्ग हुने गरी उपभोक्ता समितिसँग सम्झौता गरेकोमा उपभोक्ता समितिले मेसिन प्रयोग गरि कार्य गरेको देखिन्छ । तर मेसिन प्रयोग गरी कार्य गरेको अवस्थामा समेत म्याअनुल मिक्सीङ्ग दरमा नै उपभोक्ता समितिलाई भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्मनानुसार रहेका छन । | |
| २८.१ | | | गोभौ ३७९ मिति २०७८।१०।१४ बाट वडा नं ४ कार्यालय भवन निर्माण उपभोक्ता समितिलाई म्यानुअल मिक्सिङ्ग १:१.५:३ कंक्रीट प्रयोग भएको भनी को प्रति घनमिटर रु.१५७४२.७४ भुक्तानी गरेको छ । तर श्रेस्तामा संलग्न फोटो अनुसार मिक्चरको प्रयोग गरी कंक्रीट मिक्सिङ्ग तथा स्ल्यब ढलानको कार्य भई रहेको देखिन्छ । मेसिन मिक्स कंक्रीट कार्यमा प्रति घनमिटर रु.१४८५६.२४ दरले भुक्तानी दिनुपर्नेमा रु.१५७४२.७४ को दरले भुक्तानी भएकोले रु.८८६.५० का दरले बढी भुक्तानी भएको छ । जसअनुसार उक्त भवन निर्माण कार्यमा ४३.३९ घनमिटर १:१.५:३ को कार्यकोमा प्रति घनमिटर रु.८८६.५० का दरले रु.३८४६५.२३ बढी भुक्तानी भएको देखिन्छ । अतः बढी भुक्तानी भएको असूल हुनुपर्ने देखिएको रु | ३८,४६६ |
| २८.२ | | | गोभौ ३९५ मिति २०७८।१०।१९ बाट वडा नं ३ कार्यालय भवन निर्माण उपभोक्ता समितिलाई म्यानुअल मिक्सिङ्ग १:१.५:३ कंक्रीट प्रयोग भएको भनी को प्रति घनमिटर रु.१५७४२.७४ भुक्तानी गरेको छ । तर श्रेस्तामा संलग्न फोटो अनुसार मिक्चरको प्रयोग गरी कंक्रीट मिक्सिङ्ग तथा स्ल्यब ढलानको कार्य भई रहेको देखिन्छ । मेसिन मिक्स कंक्रीट कार्यमा प्रति घनमिटर रु.१४८५६.२४ दरले भुक्तानी दिनुपर्नेमा रु.१५७४२.७४ को दरले भुक्तानी भएकोले रु.८८६.५० का दरले बढी भुक्तानी भएको छ । जसअनुसार उक्त भवन निर्माण कार्यमा २३.३५ घनमिटर १:१.५:३ को कार्यकोमा प्रति घनमिटर रु.८८६.५० का दरले रु.२०६९९.७८ बढी भुक्तानी भएको देखिन्छ । अतः बढी भुक्तानी भएको असूल हुनुपर्ने देखिएको रु | २०,६९९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **बायो—इञ्जिनियरिङ्ग**<br><br>:<br>सार्वजनिक निकायले निर्माण कार्य गर्दा गराउँदा सो को गुणस्तर तथा दिगोपना तथा वातावरणीय पक्षमा उचित ध्यान दिनुपर्दछ । सडक निर्माण (नयाँ ट्र्याक, सडक विस्तार तथा मर्मत/सम्भार) सँगसँगै पानीको निकासको लागि उपयुक्त साइजको नाला तथा भू–क्षय रोक्नका लागि बायो-इञ्जिनियरिङ्ग कार्यसमेत गर्दै जानुपर्नेमा कार्यालयले त्यसतर्फ पर्याप्त ध्यान दिएको पाइएन । केही सडक योजनामा नालाको काम राखेको भए तापनि सडक खनिएको पुरा लम्बाइमा नगरिएको अवस्था छ भने बायो–इञ्जिनियरिङ्गको कार्य कुनै पनि योजनामा नभएको अवस्था छ । जसले गर्दा निर्माण गरिएको सडक वर्षातमा सञ्चालनमा आउन नसक्ने, वर्षातपछि उही सडक खण्डमा पुनः बजेट खर्च गर्नुपर्ने, भू–क्षय तथा भू–स्खलनले वातावरणीय पक्षमा प्रतिकूल असर पर्ने अवस्था रहेको छ । अतः उल्लिखत पक्षहरुमा कार्यालयको ध्यान जानुपर्दछ । | |
| ३० | | | **ढुवानी**<br>सार्वजनिक खरिद नियमावली अनुसार लागत अनुमान तयार गर्दा निर्माणि सामाग्रीको उपलब्धताका आधारमा जिल्ला दररेट समितिले निधार्ण गरे बमोजिम खरिद तथा ढुवानी साईट तोकी सोबाट निर्माण स्थल सम्मको ढुवानी समावेश गरी लागत अनुमान तयार गर्नुपर्दछ । पालिकाबाट यस वर्ष संचालित योजनामा बालुवा तथा गीट्टी सुकुटे देखि निर्माण स्थलसम्म ढुवानी गर्ने गरी औषतमा १४ किलोमिटर ढुवानी सहित दरविश्लेषण गरेको छ । उपभोक्ता समितिले निर्माण कार्य गर्दा दर विश्लेषणमा समावेश भए अनुसाको स्थानबाट सामाग्रि खरिद गरेको विल संलग्न नराखेकोले के कति किलोमिटर बाट ढुवानी गरेको हो सो सम्बन्धी यकिन गर्न सकिएन् । जसबाट पालिकालाई थप व्ययभार परे नपरेको समेत यकिन गर्न सकिएन् । तसर्थ दर विश्लेषणमा समावेश भए अनुसार ढुवानी गरेको देखिने तथा निर्माण स्थल र क्यारी साईटको सम्बन्धमा प्राविधिकले उल्लेख गरि पालिकालाई थप व्ययभार नपरेको सुनिश्चित गर्नुपर्दछ । | |
| ३१ | | | **प्राकृतीक श्रोतको उपयोग**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) वमोजिम नगरपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुँगा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको बिक्रि गर्नसक्ने व्यबस्था छ । साथै प्रदेश आर्थिक ऐन २०७७ निजि जग्गामा प्राप्त हुने ढुंगा तथा माटो अन्य व्यक्तीलाई विक्री गर्दा समेत पालिकाको स्वीकृत लिई तोकीए बमोजिकको दरमा शुल्क तिर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले उपभोक्ता समिति तथा विभिन्न माध्यमबाट सञ्चालन गर्ने योजनाहरुमा उपभोक्ता समितिले कितपय योजनामा ढुँगा भरपाईबाट खरिद गरेको तथा केहीमा सो समेत संलगन रहेको देखिएन । जसबाट उपभोक्ता समितिले पालिका क्षेत्र भित्रका गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको निशुल्क प्रयोग भई रहेकोमा पालिकाले ती सामग्रीको पालिका दरको आधारमा भुक्तानी दिएको छ।लेखापरीक्षणको क्रममा नमुना छनौट परेको योजनाहरु मध्ये उपभोक्ता समितिले ढुंगा लगायतका सामाग्रीहरुको प्रयोग गर्दा पालिकालाई | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रोयल्टी तथा शुल्क बुझाएको देखिएन । अतः पालिकाले आफ्नो क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुमा प्रदेश कानून बमोजिम कर लगाई आम्दानी वढाउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ। | |

| गोभौ | उपभोक्ता समिति | परिमाण | दर | रोयल्टी रकम |
|---|---|---|---|---|
| स १ | शेराबगर सडक | १२१ | ३९४ | ४७६७४ |
| 12 | रतुवापटो महांकाल सडक | ४७ | ३९४ | १८५१८ |
| 14 | सेतीदेवी शारदा मावि जोडने सडक | ३८३ | ३९४ | १५०९०२ |
| 15 | सुकुटे उखुवारी पूरानकोट सडक | ३७७ | ३९४ | १४८५३८ |
| १६ | बाघभैरव मावि रंगशाला निर्माण | ३१६ | ३९४ | १२४५०४ |
| १७ | ठोकर्पा मावि संरक्षण तथा घेरावार | १०४३ | ३९४ | ४१०९४२ |
| प्र २ | पिङ्गडाँडा कृषि सहकारी भवन देखि भञ्ज्याङ्ग सडक | ४१२ | ३९४ | १६२३२८ |
| ५१३ | रमिते डाँडा सडक | ४३ | ३९४ | १६९४२ |
| ४५९ | बेत्रावती मन्दीर पोखरी निर्माण | ३५ | ३९४ | १३७९० |
| ४७४ | कोल्दोङ्ग देवी मावि | ११२ | ३९४ | ४४१२८ |
| ४४४ | कल्लावारी सडक निर्माण | ४४ | ३९४ | १७३३६ |
| २७३ | काजिडाँडा सडक सुधार | ११२ | ३९४ | ४४१२८ |
| ४३० | डाँडा कटेरी सडक मर्मत | १०० | ३९४ | ३९४०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १३० | ठोकर्पा मावि भवन पहिरो नियन्त्रण | ३४१ | ३९४ | १३४३५४ |
| 110 | कोलढुंगा मानेडाँडा गुम्बा निर्माण | ३२ | ३९४ | १२६०८ |
| १०७ | पानी टंकी सल्ले सडक | ५२ | ३९४ | २०४८८ |
| ६६ | गाउँ वस्ती पहिरो नियन्त्रण | ७६ | ३९४ | २९९४४ |
| ५९ | गाउँपालिका स्तरीय सडक | १५५ | ३९४ | ६१०७० |
| ३३ | मानेडाँडा हरिसुद्धि वरपिपल मेलचउर काडाँघारि सडक | ३४० | ३९४ | १३३९६० |
| | जम्मा | ४१४१ | ३९४ | १६३१५५४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **सोझै खरिद**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमिति हुने गरी टुक्रा पारी सोझै खरिद गर्न नहुने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु. ५ लाखदेखि २० लाखसम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायअनुसार सोझै खरिद गरेको छ । विपद व्यवस्थापन समितिले तथा कार्यपालिकाबाट निर्णय गरे अनुसार पाईप तथा जस्ता खरिद गरिएको र ५० प्रतिशत अनुदानमा कृषि औजार खरिद गरिएको पालिकाको भनाई रहेको छ । अतः पालिकाले प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ । | ३,५६१,७०४ |

| गो.भौ. | व्यवसायि/सप्लायर्स | सामान/कार्य | बिजक मिति | रकम रु |
|---|---|---|---|---|
| ४०३ | सत्यसाई वावा ईन्टरप्राईजेज | खानेपानी तथा सिचाई पाईप | २०७८।०१।१० | ४९७४६४ |
| ३९४ | पाठक ईन्टर प्राईजेजे | खानेपानी तथा सिचाई पाईप | २०७७।१०।२८ | ४८८९९९ |
| २८६ | श्रेष्ठ कृषि मेसिनरी सप्लायर्स | मिनिटिलर र प्याड्डी वील | २०७७।१२।१२ | १४५५०० |
| १३२ | सत्यसाई वावा ईन्टरप्राईजेज | जस्ता, पाईप तथा खानेपानी टंकी | २०७७।०९।१० | ४५१७०४ |
| ६ | सत्यसाई वावा ईन्टरप्राईजेज | जस्ता, पाईप तथा खानेपानी टंकी | २०७७।०६।१४ | ४९७२०५ |
| १४ | पाठक ईन्टर प्राईजेजे | जस्ता र पाईप | २०७७।०६।०८ | ४९०८३२ |
| ४ | ओम सत्यसाई मेशिनरी कन्सर्न | मिनिटिलर | २०७७।०९।०२ | ४९५००० |
| ७ | ओम सत्यसाई मेशिनरी ट्रेड | मिनिटिलर | २०७७।०९।२८ | ४९५००० |
| | | जम्मा | | ३५६१७०४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **रिटेन्सनमनी कट्टी नभएको**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा रनिङ्ग विलको भुक्तानी गर्दा रिटेन्सन मनी वापत ५ प्रतिशतले हुने रकम कट्टी गर्नुपर्ने उल्लेख छ । पालिकाले गोभौ ६ मिति २०७७।०९।०९ बाट टक्सार निर्माण सेवा प्रालिलाई भ्युटावर नर्माण कार्यको लागि रु.२७४४५७५.९८ भुक्तानी दिएको छ । तर उक्त भुक्तानी रकममा ५ प्रतिशतले हुने धरौटी वापतको रकम रु.१२१४४१.४२ कट्टी गरेको देखिएन । तसर्थ उक्त रकम असूल हुनुपर्दछ । रु. | १२१,४४१ |
| ३४ | | | **अधुरो योजना**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले निर्माण कार्य शुरुवात भई सम्पन्न हुन नसकेका अधुरा योजनाहरुको अभिलेख राखेको छैन । अधुरा योजाहरुको अभिलेख व्यवस्थित गरी यथाशिघ्र कार्यान्वियन गर्नु पर्दछ । | |
| ३५ | | | **कार्यसम्पादन जमानत**<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(४) मा बोलपत्र दातासँग खरिद सम्झौता गर्दा लागत अनुमान भन्दा १५ प्रतिशत सम्म कम अंक कबोल गरेमा कबोल अंकको ५ प्रतिशत र लागत अनुमानको १५ प्रतिशत भन्दा बढी घटी कबोल गरेको अवस्थामा १५ प्रतिशत भन्दा जति रकमले बढी कबोल गरेको छ सोको ५० प्रतिशतले हुन आउने रकम कबोल अंकको ५ प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत वापत दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले मू.अ. कर बाहेकको सम्झौता अंकलाई गणना गरी कार्य सम्पादन जमानत लिने गरेको देखियो । तसर्थ लेखापरीक्षण गरिएको निम्न निर्माण कार्यको घटी कार्यसम्पादन थप गर्नुपर्ने देखिएको रु. | ४५९,२३५ |

| सि नं | निर्माण कार्य | निर्माण व्यवसायि | लागत अनुमान | कबोल अंक | आवश्यक जमानत रकम | जमानत पेश भएको | घटी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | कोठे खाडीचौर माझीगाउँ सडक | रिना कन्ट्रक्सन | ९८१७०६८ | ४५५९३०८ | २०८२२३७ | १८४४०७७ | २३८१६० |
| २ | खानीखोला हेल्थपोष्ट सडक | रिना कन्ट्रक्सन | ९७२८०३६ | ४८४१७७२ | १९५५६१९ | १७३४५४४ | २२१०७५ |
| | | जम्मा | १९५४५१०४ | ९४०१०८० | ४०३७८५६ | ३५७८६२१ | ४५९२३५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **ठेक्का व्यवस्थापन** | |
| ३६.१ | | | सियाले यामुनाडाडा सुनखानी सडक निर्माण कार्यको लागि (भोगटेधारा सुनखानी खण्ड)असल कन्स्ट्रक्सनसग रु ४४ लाख ९३ हजार ९३४ मा सम्झौता भएको छ । सम्झौता बमोजिम निर्माण व्यवसायीले बन क्षेत्रबाट नयाँ बाटोको ट्रयाक खोलेको देखेन्छ । यसरी ट्र्याक खोल्दा बन ऐन, २०७२ बमोजिम रुख कटानको लागि स्विकृति लिएको देखिएन । श्रेस्तासाथ संलग्न कार्यसम्पन्न प्रतिबेदन र भुक्तानीको अभिलेख परिक्षण गर्दा नयाँ बाटोको ट्रयाक बनाउने कार्यमा निम्नानुसार भुक्तानी भएको छ । बिओक्यूमा निम्नानुसार कडा तथा ढुंगा कटिङको कार्य समावेश गरि भुक्तानी भएको छ । आईई नगरी नरम माटोको दर भन्दा बढि दरमा भुक्तानी गर्न मिल्ने आधार पेश भएन । पालिकाले कडा माटो तथा ढुंगा कटिङमा देखाएको परिमाण यथार्थ परक नरहेकोले लागत बृद्धि भएको रु ४४३४७४।०० को सम्बन्धमा छानबिन गरि यकिन गर्नु पर्दछ । | |

| आईटम | परिमाण घनमिटरमा | दर | बढि दर | फरक रकम |
|---|---|---|---|---|
| नरम माटो | १०३०६.२९ | ७० | ० | ० |
| कडा माटो | ६५४५.५२ | ८५ | १५ | ९८१८३ |
| नरम ढुंगा | ४१०६.६९ | १२० | ५० | २०५३३४ |
| कडा ढुंगा | ११११.७२ | १५० | ८० | ८८९३८ |
| जम्मा | | | | ३९२४५५ |
| मु अ कर समेत जम्मा | | | | ४४३४७४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ३६.२ | | | पालिकाले ठोकर्पा भ्यूटावर निर्माणको लागि टक्सार निर्माण सेवासग रु १ करोड १७ लाख ३५ हजारमा शुरु सम्झौता गरेकोमा १३.५५ प्रतिशत भेरिएसनबाट थप गरि रु १ करोड ३३ लाख २६ हजार कायम गरेको छ । सुनकोशी गाँउपालिका वडा नम्बर २ थाम डाडा स्थित उच्च स्थानमा भ्यूटावर निर्माण गर्दा दिगो बिकास लक्ष्य हासिल गर्न सहयोग पुग्ने र स्थानिय जनताको जिवनयापनमा सहजता हुने देखिदैन । दिगो बिकास लक्ष्य प्राप्तीकोलागि योगदान पुग्ने योजनाहरुमा मात्र रकम बिनियोजन गर्नु पर्दछ ।  | |
| ३६.३ | | | | |
| ३७ | | | **निस्कृय लाभग्राही**<br>सामाजिक सुरक्षा संचालन कार्यविधि २०७७ अनुसार सामाजिक सुरक्षा बचत खाता संचालन गर्ने तथा वित्तीय संस्थाले यस प्रकारका विबरण खाताहरुमध्ये निस्कृय खाताको विबरण प्रत्येक साउन र माघ महिनाभित्र केन्द्रिय पंजिकरण विभागलाई दिनु पर्ने व्यबस्था रहेको छ । पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्न लक्ष्मी बैक लि र सिन्धु विकास बैकसंग सम्झौता गरेकोमा मिति २०७७।४।१ मा डमी खाता खोलिएका लाभग्राहिले लेखापरीक्षण अवधि २०७७।१२।२७ सम्म पनि KYC अपडेट गर्न नआएको भनी १५ जनाको नाममा आर्थिक बर्ष २०७७।७८ मा निकासा भएको रकम रु ३,६६,९६३।फिर्ता भएको छैन । तसर्थ आर्थिक बर्षको समाप्ति भएपछिको निस्कृय रकम बैकबाट फिर्ता लिई संघीय संचितकोष दाखिला गर्नुपर्ने देखिएको रु | ३६६,९६३ |
| ३८ | | | **मौज्दात रकम**<br>सामाजिक सुरक्षा वितरण कार्यविधि २०७७को नियम १५(३) मा भत्ता प्राप्त गर्ने लाभग्राहीले सोही आर्थिक वर्षभित्र रकम बुझिसक्नु पर्ने व्यबस्था छ र नियम १८ (२) मा निकासा र खर्चको लेखा अद्यावधिक गरी बैकसंगको हिसाव मिलान गरी बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नु पर्ने व्यबस्था छ ।पालिकाले रु ६,७८,८४,९२१। बैकलाई निकासा भई वितरण गरी बाँकी रकम सिन्धु विकास बैकको रु ८१,००५।र लक्ष्मी बैकको रु ८,३६,३६०। गरी रु ९,१७,३६५। फिर्ता गर्नु पर्नेमा रु ५,३७,४०१। मात्र कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता भएको देखियो । उक्त रकम पालिका खातामा रहेकोले पालिका श्रोतबाट खर्च लेखि संघीय संचित कोषमा फिर्ता गर्नु पर्ने रु | ३७९,९६४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **लाभग्राही प्रतिवेदन**<br>सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २३(१)मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्ने उल्लेख छ ।उपनियम १ बमोजिम चौमासिक प्रतिवेदन पठाउंदा पहिलो चौमासिक प्रतिवेदन मंसिर ७ गतेभित्र दोस्रो चौमासिक प्रतिवेदन चैत ७ गतेभित्र र तेस्रो चौमासिक प्रतिवेदन तथा वार्षिक प्रतिवेदन अर्को आर्थिक बर्षको साउन १५ गतेभित्र विभागले तोके बमोजिम पठाउनु पर्ने व्यवस्था भएकोमा सो नियमको पालना भएको पाइएन। नियमले गरेको व्यवस्था पालनामा ध्यान दिनुपर्ने देखिन्छ। | |
| ४० | | | **निकासा लेजर**<br>पालिकाले शिक्षकहरुको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्नुपर्दछ । त्यस्तै माग फाराम सोही आधारमा रुजू गरी विद्यालयगत निकासा लेजर तयार गरी निकासा छोड्नुपर्नेमा निकासा लेजर राखेको छैन । पालिकाले दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नुपर्दछ । | |
| ४१ | | | **बढी निकासा**<br>जाल्पा माविलाई मिति २०७७।०६।०९ मा नियुक्त गरेको शिक्षक श्री गणेश बहादुर खड्कालाई प्रथम त्रैमासिकमा पर्व खर्च रु.३५९९० सहित तलबमा रु.६३८४२ निकासा भएको छ । तर विद्यालयलयले पेश गरेको तलब बुझाएको भरपाईमा निजलाई रु.२७८५२।०० मात्र बुझाएको देखिन्छ । जसअनुसार पर्व खर्च वापत विद्यालयलाई निकासा भएकोमा निजको नियुक्ती भएको ६ महिना नपुगेको कारण पर्व खर्च भुक्तानी नभएको देखिन्छ । तसर्थ नपाउने पर्व खर्च वापत विद्यालयलाई निकसा भएको असूल हुनुपर्ने देखिएको रु | ३५,९९० |
| ४२ | | | **बढी तलब निकासा**<br>शिक्षकको तलब भत्ता निकासा दिदाँ निजको रमानामा उल्लेख भएको मितिलाई आधार लिनुपर्दछ । गणेश माविको शिक्षक श्री साङ्गदोर्जे लामा कालिका मावि त्रिपुरासुन्दरीबाट सरुवा भई रमानामा उल्लेख भए अनुसार उक्त विद्यालयबाट २०७७ पौष १५ सम्मको तलब भत्ता भुक्तानी भएको देखिन्छ । तर निजको नाममा दोस्रो त्रैमासिकमा १५ दिनको रु.१६०४०।०० मात्र तलब भत्ता निकसा हुनुपर्नेमा १ महिना १५ दिनको रु.४८१२०।०० तलब निकसा भएको देखिन्छ । जसअनुसार निजको नाममा रु.३२०८०।०० तलब बढी निकासा भएको देखिएकोले उक्त रकम असूल हुनुपर्ने देखिएको रु | ३२,०८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **पारिश्रमिक कर**<br>आयकर ऐन , २०५८ को दफा ८७ मा रोजगारबाट प्राप्त आय गणना गर्दा समावेश गरिने रकम भूक्तानि दिदा अनुसुची १ बमोजिम कर कट्टा गर्नुपर्ने उल्लेख छ। कार्यालयबाट प्राप्त विवरण अनुसार निम्नानुसार कर्मचारीहरुको गत विगत वर्षको छुट प्राविधिक ग्रेड सहितको रकम गणना गरी पारिश्रमिक कर कट्टा गरेको नदेखिएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु..... | १९,५६७ |

| सि नं | कर्मचारीको नाम | करयोग्य आय | पारिश्रमिक कर लाग्नेः आय | पारिश्रमिक कर |
|---|---|---|---|---|
| १ | गोविन्द बहादुर हायु | ५४७४६४ | ६२४६४ | ६२४६ |
| २ | नारायणी कुमारी कार्की | ५७३३८२ | ८८३८२ | ८८३८ |
| ३ | भवानी खड्का | ५२९८२६ | ४४८२६ | ४४८३ |
| | जम्मा | १६५०६७२ | १९५६७२ | १९५६७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **औषधि खरिद तथा वितरण**<br>पालिकाले गोभौ ५८ मिति २०७७।०९।२७, जनसम्पर्क मेडिसिन सप्लायर्सबाट बाट यस वर्ष रु.४९९७६४ को औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>क)प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधीमा ब्याच नं. तथा कम्तीमा १८ महिना म्याद भएका हुनुपर्ने उल्लेख छ । तर खरिद गरेका औषधिको विल तथा जिन्सी दाखिलामा ब्याच नं, उत्पादन मिति र म्याद समाप्त हुने मिति उल्लेख गरेको देखिएन् ।<br>ख) आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड भएको भनी विज्ञबाट मुचुल्का उठाई प्रमाणित राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।<br>ग) औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।<br>ङ)औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४५ | | | **बढी ग्रेड**<br>पालिकाले यस वर्ष स्वास्थ्य तर्फ २०५७ भन्दा अघि स्थायी नियुक्ती भएका प्राविधिक ग्रेड पाउने कर्मचारीको ग्रेड रकम एक दिनको तलब बराबर हुने गरी २०७३ श्रवणबाट लागु भए अनुसार २०७३ देखि २०७६ पौषसम्म पुरानै दरमा भुक्तानी भएको रकम भुक्तानी पाउँ भनी देहायका कर्मचारीहरुले निवेदन दिए अनुसार पालिकाले भुक्तानी दिएको छ । तर उक्त रकम भुक्तानी गर्दा २०७३ श्रवण देखि २०७६ आषाढ सम्म ग्रेडको दर रु.७८४ मात्र रहेकोमा पालिकाले ९४० को दरले गणना गरी ३६ महिनाको प्रति ग्रेड रु.१५६ बढिका दरले देहाय अनुसारका कर्मचारीलाई जनही ७२ ग्रेडको रु.११२३२ मा कर्मचारी संचयकोष थप रु.११२३.२ सहित रु.१२३५५.२० का दरले बढी भुक्तानी भएको देखिन्छ । तसर्थ बढि दरमा भुक्तानी भएको रकम असुल हुनुपर्ने देखिएको रु. | ३७,०६८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **पर्व खर्च**<br>करार सेवामा कार्यरत कर्मचारीहरु नियुक्त भएको ६ महिना पुगे पश्चात निजलाई एक महिनाको तलब भत्ता वापतको रकम पर्व खर्च वापत भुक्तानी दिनुपर्दछ । गोभौ ६९ मिति २०७७।१०।०७ बाट चामुना देवी आविको शिक्षक विनिता भण्डारीलाई दोस्रो चौमासिकको ११ दिनको तलब रु.११०७७ र पर्व खर्च वापत रु.२८२०० गरी रु.३९२७० छुट निकसा दिएकोमा निज शिक्षकमा नियुक्ती भएको ६ महिना भएको देखिदैन् । साथै आर्थिक वर्ष २०७८।७९ मा समेत निजले २०७८ आश्वीनमा पर्व खर्च भुक्तानी लिएको देखिएकोले उक्त समयमा पर्व खर्च भुक्तानी दिन मिल्ने देखिदैन् । तसर्थ नपाउने पर्व खर्च वापत निकासा भएको रकम असूल हुनुपर्ने देखिएको रु. | २८,२०० |
| ४७ | | | **विद्यालय नर्स**<br>एक विद्यालय एक नर्स कार्यक्रम संचालन कार्यविधिमा विद्यालय तथा पालिकाको समन्वयमा अनुसूचि १७ अनुसारको सामान सहित प्रथम चौमासिक भत्रि नर्सीङ्ग कक्षा व्यवस्थापन गरी सक्नुपर्ने उल्लेख छ । गोभौ ७ मिति २०७७।११।१६ बाट श्री महेन्द्रोदय माविलाई सामाग्री खरिद तथा नर्सीङ्गकक्षा व्यवस्थापनको लागि रु.२८६६००, अत्यावश्यक औषधि खरिदमा रु.१०००००, मसलन्दमा रु.१००००, कार्यक्रम संचालनको लागि खाजा खाना वापत रु.२८४०० र नर्सको लागि तलब रु.१७२६२० गरि रु.५०७६२० रु.५०७६२० निकसा दिएको छ । तर उक्त रकम मध्ये विद्यालय नर्स श्री कविता आचार्यलाई ५ महिनाको तलब सहितको रु.१७२६२० को मात्र प्रमाण लेखापरीक्षणको क्रममा पेश भएको छ । तसर्थ रकम निकासा भए अनुसार खर्च भएको पुष्टी हुने प्रमाण कागजात पेश हुनुपर्ने रु. | ३३५,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **वोयर वोका**<br>गोभौ ४४८ मिति २०७८।०३।१३ बाट कृषि कार्यक्रम उपकरण तथा वोयर बोका खरिद कार्यक्रमबाट विष्णु कुखुरा फर्मलाई ७५ प्रतिशत बोयर बोका तथा पाठी खरिद गरेको भनी रु.३५३५०० भुक्तानी दिएको छ । वोयर वोकाको घाँटी देखि टाउँकोतर्फ भाग रातो तथा घाँटी देखि पुच्छरतर्फको भाग सेतो हुने पशु प्राविधिकको भनाई रहेको छ । तर श्रेस्ता खरिद गरी वितरण गरिएको बोका देहाय अनुसार सेतो तथा रातो र केही बोकाको शरिरमा कालो धब्बा समेत रहेको देखिन्छ । वोयर बोका खरिद गरेकोमा ७५ प्रतिशत वोयर भएको देखिने बोकाको जन्म अभिलेख तथा रजिस्टर श्रेस्तामा संलग्न राखेको देखिएन । जसबाट उक्त फर्मले ७५ प्रतिशत वोयर भनी कृषकलाई उलब्ध गराएको बोका वोयर वोका तथा पाठी हो भन्न सकिने अवस्था रहेन । तसर्थ यस सम्बन्धमा पालिकाले आवश्यक छानविन गरी ७५ प्रतिशत वोयर वोका तथा पाठी भुक्तानी भएको रकम उक्त फर्मबाट असूल हुनुपर्दछ । रु.<br> | ३५३,५०० |
| ४९ | | | **विल भरपाई वेगरको खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यावस्था छ । पालिकाले गोभौ १२० मिति २०७७।१२।०८ बाट प्रतिस्पर्धामा छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने कार्यक्रम शिर्षकबाट रु.५१९९०।०० खर्च लेखेकोमा खर्च लेखेको विलभारपाई श्रेस्ता संलग्न रहेको देखिएन् । साथै भुक्तानी लिनेको नाम समेत गोश्वरा भौचारमा उल्लेख नगरीएकोले चेक नं ५७५६१४७५ बाट भुक्तानी भएको कर बाहेको रकम रु.५१४७०.१० सम्बन्धमा पालिकाले यकिन गरी खर्चको विल भरपाई पेश हुनुपर्ने अन्यथा खर्च लेख्ने पदाधिकारीबाट असूल हुनुपर्ने देखिएको रु | ५१,९०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **माटो ल्याब**<br>प्रदेश सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रम अन्तरगत स्थानीय तहमा मिनि डिजिटल मोवाई माटो ल्याव स्थापनाको लागि रु.५ लाख विनियोजन भई पालिकालाई प्राप्त भएको छ । पालिकाले उक्त शिर्षकबाट मटो परीक्षण शिविर संचालनको लागि पिङ्गडाँडा कृषि सहकारी संस्थालाई रु.२ लाख र वितरणको लागि चुन खरिद वापत साङ्ग्रीला एग्रोभेटलाई रु.३ लाख गरी ५ लाख खर्च गरेको छ । माटो ल्याब स्थापनाको लागि प्राप्त बजेटबाट शिविर संचालन तथा चुन खरिद गरि वितरण गरेको पाईएकोले प्रदेश सरकारबाट तोकीएको भन्दा फरक कार्यमा खर्च भएको देखिन्छ । तसर्थ सशर्त अनुदान अन्तरगत प्राप्त बजेट तोकीए बमोजिम मात्र खर्च गर्नुपर्नेमा नगरेकोले नियमित नदेखिएको रु | ५००,००० |
| ५१ | | | **बढी दरमा बैठक भत्ता**<br>बागमती प्रदेश स्थानीय तहका पदाधिकारीको सेवा सुविधा सम्बन्धी ऐन २०७५ को अनुसूची १ अनुसार बैठकको भत्ता प्रति बैठक रु.१००० का दरले मात्र खर्च लेख्न मिल्ने देखिन्छ । पालिकाले गोभौ ५१४ मिति २०७८।०३।२३ बाट अध्यक्षको संयोजकत्वमा बसेको शिक्षा समितिको बैठकमा ५ जना पदाधिकारी र १५ कर्मचारीलाई रु.१५०० का दरले २ देखि ८ पटक सम्म गरी १०३ पटकको रु.१५४५००।०० खर्च लेखेको देखिन्छ । स्थानीय तहका पाधिकारी सुविधा सम्बन्धी ऐन अनुसार प्रति व्यक्ती रु.५०० का दरले १०३ पटकको रु.५१५०० बढी खर्च लेखेको देखिन्छ । तसर्थ ऐनमा उल्लेख भएको भन्दा बढी दरमा भुक्तानी भएको रकममा कर रकम कट्टी गरी रु.४३७७५।०० असूल हुनुपर्दछ । रु. | ४३,७७५ |
| ५२ | | | **पाकेट विकास**<br>प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना कार्यान्वयन म्यानुअलको ४.१.९.१ मा पाकेट क्षेत्र कार्यक्रममा लक्षित समुहलाई राष्ट्रीय तथा स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने वाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन विकास कार्यक्रम संचालनका गर्दा विउविजन, सामाग्री विरतण, प्रशिक्षण, तालिम तथा गोष्ठी संचालन गर्न कृषक समुह वा फर्म छनौट गरी अनुदान दिनुपर्ने उल्लेख छ । जसअनुसार पालिकाले पाकेट विकास कार्यक्रमबाट कृषि संकलन केन्द्र निर्माण गर्न मिल्ने देखिदैन् । तर पालिकाले यस वर्ष संघ शर्शत अन्तरगत विनियोजन भएको उक्त कार्यक्रमबाट कृषि उत्पादन संकलन केन्द्र निर्माण गरी गोभौ १४४ बाट रु.२१८००३३ र गोभौ २२० बाट रु.१७२९८८ गरी रु.२३५३०२१ खर्च गरेको छ । संघीय सर्शत अन्तरगत प्राप्त अनुदान रकम पाकेट क्षेत्र विकास कार्यमा खर्च गर्नुपर्नेमा विनियोजन भएको भन्दा फरक शिर्षकमा खर्च गरेको नियमित देखिएन । तसर्थ सशर्त अनुदान अन्तरगत प्राप्त बजेट विनियोजन भए अनुसार सोही शिर्षकमा मात्र खर्च गर्नेतर्फ ध्यान दिई नियमित हुनुपर्ने देखिएको रु | २,३५३,०२१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **विपद् व्यबस्थापन कोषः**<br>विपद् जोखिम न्युनिकरण तथा व्यबस्थापन ऐन, २०७४ को दफा २३ (४) मा विपद् व्यबस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यबस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोष संचालन सम्बन्धि व्यबस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यबस्था छ ।पालिकाले विपद् व्यबस्थापन कोष खडा नगरी चालु शिर्षकको विपद् व्यबस्थापन खर्च शिर्षकबाट खर्च गरेको देखियो ।ऐनमा तोकिए बमोजिमको कोष स्थापना गरी खर्च संचालन गर्नु पर्दछ । | |
| ५४ | | | **भ्रमण अभिलेखः**<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ मा भ्रमणमा खटिने पदाधिकारी\कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार भ्रमण खर्चको बील भरी भ्रमण प्रतिवेदनका साथ आवश्यक बील, भर्पाई पेश गर्नुपर्ने र त्यसैगरी नियम २१ मा तोकिएको ढाँचामा भ्रमण आदेश नम्बर सहित भ्रमण गर्ने कर्मचारीको भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ।त्यसैगरी बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५को दफा ५(७) मा स्वीकृत भ्रमणबाट फर्किएको ७ दिनभित्र भ्रमण उपलब्धिको व्यहोरा सहितको प्रतिवेदन कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालयले चालु बजेट तर्फ भ्रमण खर्च शिर्षकबाट जनप्रतिनिधि तथा कर्मचारीको भ्रमण खर्च बापत रु. १७९७८५५।०० दैनिक भ्रमण खर्च लेखेतापनि अधिकांश पदाधिकारी, कर्मचारीको भ्रमण अभिलेख नम्बर, भ्रमण तथा अनुगमन प्रतिवेदन, भ्रमणको स्पष्ट प्रयोजन र उद्देश्य बेगर बिना नै खर्च भूक्तानी गरेको देखिन्छ।कार्यालयले नियमानुसार भ्रमण अभिलेख खाता राखी खर्च लेख्नुपर्दछ। | |
| ५५ | | | **विपद् व्यबस्थापन खर्चः**<br>विपद् जोखिम न्युनिकरण तथा व्यबस्थापन ऐन, २०७४ को दफा १७ (२) तथा नियमावली, २०७६ को नियम ८ मा स्थानिय विपद् व्यबस्थापन समिति को काम कर्तव्य र अधिकारमा विपद् व्यबस्थापन कार्यकारी समितिबाट स्वीकृत एकिकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यबस्थापन योजना तर्नुमा गरी कार्यान्वयन गर्ने ,बजेट विनियोजन गर्न लगाउने ,सवै प्रकारका समन्वय र संकलन गराउने,विपद् पुर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने ,प्रभावित क्षेत्रमा उद्धार र राहत व्यबस्था गर्ने ,ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने,विपद् सुचना प्रणाली विकास र संचालन ,तथ्यांक अद्यावधिक गर्ने ,कर्मचारी क्षमता अभिबृद्धि को अवस्था र कार्यक्रम सहितको कार्ययोजना तयार गरी लागु गर्नु पर्ने व्यबस्था रहेको छ ।पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरु नगरी वडा नं ६ धुसेनी पहिरो पिडितहरु इ बहादुर भण्डारी ,खेल बहादुर भण्डारी र चेत बहादुर भण्डारीलाई २०७७।११।१७ मा कार्यपालिकाको बैठकले प्रति घर रु ५,००,०००।उपलब्ध गराउने निर्णय बमोजिम मिति २०७७।११।२१ मा सम्झौता गरी डि पी सी सम्मको निर्माण पश्चात २ लाख र निर्माण सम्पन्न पश्चात ३ लाख उपलब्ध गराउने सम्झौता बमोजिम प्रति घर परिवारलाई डि पी सी सम्मको लागत अनुमान ,नापी किताब बील पेश पश्चात रु २ लाखका दरले ४ लाख भुक्तानी गरेको देखियो । विपद् व्यबस्थापन समितिको कार्यविधि तथा मापदण्ढ बेगरको कार्यको पालिका द्धारा अनुगमन कार्य समेत भएको पाईएन र ऐन तथा नियमावलीमा तोकिए बमोजिमका कार्यविधि अपनाई कार्यक्रम संचालन गर्नु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५६</td><td></td><td></td><td>
कार्यालय सामान<br>
सार्वजनिक खरिद ऐन २०६३ को दफा ८५(२) मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा गरी गर्न नहुने र एक आर्थिक वर्षमा एक आपुर्तिकर्ताबाट एक पटक मात्र खरिद गर्नु पर्ने व्यबस्था छ ।पालिकाले बार्षिक कार्यक्रम अनुसार खरिद योजना तयार गरी मिल्दो खरिद कार्यको प्याकेज बनाई सिलबन्दी दरभाउपत्र र बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्नेमा मसलन्द तथा कार्यालय सामाग्री खरिद कार्य गर्दा नियम बिपरित टुक्रा पारी विभिन्न आपुर्तिकर्ताहरुबाट रु २३,६७,६२८।०० को कार्यालय सामाग्री सोझै खरिद गरेको देखियो ।प्रतिस्पर्धात्मक विधि नअपनाई निम्न अनुसारको सोझै खरिद गरेको कार्य नियम सम्मत नदेखिएको रु
<table>
<tr><th>भौचर नं र मिति</th><th>रकम</th><th>सप्लायर्स</th><th>सामाग्री विबरण</th></tr>
<tr><td>१०६, ०७७।६।२८</td><td>४२५४९०।</td><td>उमेद छापाखाना तथा स्टेशनरी उद्योग</td><td>फोटोकपी पेपर २० बक्स लगायत २० आईटम्स् का सामान</td></tr>
<tr><td>११२, ०७७।६।२९</td><td>४०६७४३।</td><td>उमेद छापाखाना तथा स्टेशनरी उद्योग</td><td>फोटोकपी पेपर २१ बक्स लगायत ८ आईटम्स् का सामान</td></tr>
<tr><td>२९३, ०७७।९।७</td><td>४९८७९३।</td><td>ससाम्बु ट्रेड कन्सर्न</td><td>नेपाली ए 4 साईजको कपी ५० प्याकेट लगायत ३३ आईटम्स</td></tr>
<tr><td>६४९, ०७७।११।१८</td><td>२८६७२६।</td><td>ससाम्बु ट्रेड कन्सर्न</td><td>ए 4 साईजको कपी १०० रिम लगायत ११ आईटम्स्</td></tr>
<tr><td>४६८, ०७७।११।१८</td><td>२४९९५६।</td><td>उमेद छापाखाना तथा स्टेशनरी उद्योग</td><td>घरबाटो सिफारिस १० ठेली लगायत १० आईटम्स</td></tr>
<tr><td>४६७, ०७७।११।१८</td><td>४९९९१२।</td><td>उमेद छापाखाना तथा स्टेशनरी उद्योग</td><td>फोटोकपी पेपर १० बक्स लगायत २० आईटम्स् का सामान</td></tr>
<tr><td>जम्मा</td><td>२३,६७,६२८।</td><td></td><td></td></tr>
</table>
</td><td>२,३६७,६२८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **कृषि औजारः**<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ८५(२) मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा गरी गर्न नहुने व्यबस्था छ ।पालिकाले बार्षिक कार्यक्रम अनुसार खरिद योजना तयार गरी मिल्दो खरिद कार्यको प्याकेज बनाई सिलबन्दी दरभाउपत्र र बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्नेमा गाउपालिका चालु शिर्षकबाट कृषि उपकरण हाते ट्याक्टर खरिद कार्य गर्दा नियम बिपरिद टुक्रा पारी विभिन्न आपुर्तिकर्ताबाट रु १९८००००।को ३६ वटा हाते ट्याक्टर सोझै खरिद गरेको देखियो ।प्रतिस्पर्धात्मक विधि नअपनाई निम्न अनुसारको सोझै खरिद गरेको कार्य नियम सम्मत नदेखिएको रु | १,९८०,००० |

| भौचर नं र मिति | रकम | सप्लायर्स | सामाग्री विबरण |
|---|---|---|---|
| ७३५, ०७८।३।२५ | ४९५०००। | ॐ सत्यसाई मेसेनरी ट्रेड | ९ वटा हाते ट्याक्टर |
| ७३४, ०७८।३।२५ | ४९५०००। | ॐ सत्यसाई मेसेनरी कन्सर्न | ९ वटा हाते ट्याक्टर |
| ६१९, ०७८।१।१६ | ४९५०००। | ॐ सत्यसाई मेसेनरी ट्रेड | ९ वटा हाते ट्याक्टर |
| ३७१, ०७७।१०।१६ | ४९५०००। | ॐ सत्यसाई मेसेनरी कन्सर्न | ९ वटा हाते ट्याक्टर |
| **जम्मा** | **१९,८०,०००।** | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **प्रोत्साहन भत्ताः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) मा स्थानीय सेवा गठन, संचालन व्यबस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभुत सिद्धान्त र मापदण्ढ संघीय कानून बमोजिम हुने, दफा ८६ (२) मा स्थानीय सेवाको गठन, संचालन तथा व्यबस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यबस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यबस्था छ । पालिकाले स्थानीय कानुन नबनाई प्रशासनिक कर्मचारीहरुलाई कार्यपालिकाको मिति २०७७।६।२६ को निर्णय अनुसार कर्मचारीहरुलाई अतिरिक्त समय काम काज गरेबापत मासिक तलबको ५० प्रतिशत रकम प्रोत्साहन स्वरुप भत्ता भनी रु १५,१८,३५१। कर्मचारी प्रोत्साहन तथा पुरस्कार शिर्षकबाट भुक्तानी गरेको देखियो ।पालिकाले प्रोत्साहन भत्ता लगायत कर्मचारी सेवा सुविधा सम्बन्धि अन्य व्यबस्था बमोजिमको खर्च भुक्तानी गर्दा आफ्नो कार्य क्षेत्र, आन्तरिक राजस्व संकलन क्षमता, खर्चको आकार आदिलाई मध्यनजर गर्दै स्वीकृत कार्यविधि तथा कानुन बनाई निश्चित सुचकका आधारमा प्रोत्साहन सुविधा भुक्तानी गर्नु पर्नेमा कर्मचारीको पद, जिम्मेवार पाएको शाखाको आधारमा मासिक रुपमा प्रोत्साहन भत्ता प्रदान गरेको नियमसम्मत देखिएन ।तसर्थ सम्बन्धित कानुन बनाएर कार्यसम्पादन सूचकको आधारमा मात्र यस्तो किसिमको सुविधा वितरण गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९ | | | **विद्युत महसुलमा थप दस्तुर**<br>सुशासन व्यबस्थापन तथा संचालन ऐन २०६४ को दफा २४ मा आफूले सम्पादन गर्ने काम निर्धारीत समयमा नै सम्पादन गर्न आफैंले पहल गर्ने उत्तरदायित्व जिम्मेवारी पदाधिकारीको हुने व्यबस्था छ ।तर पालिकाले समयमा नै बिद्यूत महशुल नतिरी जरिवाना २५ प्रतिशत स्वरुप थप दस्तुर बापत निम्न भौचर नं बाट रु ३१९५९। भुक्तानी गरेको देखियो । समयमा नै महशुल भुक्तानी गर्नु पर्दछ । | |

| भौचर नं र मिति | भुक्तानी रकम | जरिवाना रकम |
|---|---|---|
| २०४, ०७७।७।२५ | ८०००। | १६००। |
| २३३, ०७७।८।१० | ४२९८२। | ८५७९। |
| ७२२, ०७८।३।२३ | १२०००। | १९५७। |
| ७०३, ०७८।३।१८ | २००००। | ३९४०। |
| ५२२, ०७७।१२।१२ | १२९४४। | २१७४। |
| ५२१, ०७७।१२।११ | ४४९७। | ८९९। |
| ४२२, ०७७।१२।८ | १७५३०। | ३५०६। |
| ४५१, ०७७।११।११ | ३७१७०। | ७२९३। |
| ४५४, ०७७।११।१६ | १४५२०। | १९९३। |
| **जम्मा** | | **३१,९५९।** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ६० | | | **करार कर्मचारी**<br>नेपाल सरकार, मन्त्रिपरिषद् को मिति २०७४।१।२१ को निर्णय अनुसार सवै निकायमा कार्यरत स्वीकृत दरबन्दी भित्र रहेका करारका कर्मचारीहरुको सेवा सुविधामा एकरुपता कायम गर्न साविक सामान्य प्रशासन मन्त्रालयको प. सं कानुन_ १८ _०७३।७४ च. नं २१७ मिति २०७४।१।२५ को परीपत्रमा करार कर्मचारीले महंगी भत्ता पाउने उल्लेख गरेको देखिदैन ।पालिकाले सुचना अधिकारी १ जना र कार्यालय सहायक २ जना गरी ३ जनालाई महंगी भत्ता मासिक रु २०००।र स्थानीय भत्ता पद अनुसारको मासिक रकम भुक्तानी गरेको देखियो ।करारमा नियुक्ती कर्मचारीहरुको सेवा सुविधा निर्धारण गर्दा संघीय मन्त्रालयबाट जारी भएका परिपत्रहरुलाई समेत ध्यान दिनु पर्दछ । | |
| ६१ | | | **असूल गर्नुपर्ने पेश्की**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई लागत अनुमानको बढीमा एक तृतीयांस पेश्की भुक्तानी दिन मिल्ने व्यवस्था गरेको छ । पालिकाले मिति २०७७।०२।३० भित्र कार्य सम्पन्न गर्ने गी तौथली खोला पाङ्ग्रे लप्से सिचाई निर्माण कार्यको लागि रु.३८५५७४५.८५ को लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग मिति २०७७।११।०४ मा सम्झौता गरेको छ । सोही सम्झौता अनुसार गोभौ ४ मिति २०७७।११।०५ बाट उपभोक्ता समितिलाई रु.१०१८५०० पेश्की उपलब्ध गराएको छ । तर उपभोक्ता समितिले लेखापरीक्षण अविधि सम्मपनि उक्त कार्य नगरेको तथा पेश्की बाँकी रहेको विवरण प्राप्त भएको छ । तसर्थ सम्झौता गरी पेश्की लिने तथा वर्षाको कारण देखाई आर्थिक वर्ष समाप्त भएको ९ महिनासम्म कार्य नगर्ने उपभोक्ता समितिबाट असूल गरी प्रदेश संचितकोष दाखिला हुनुपर्ने देखिएको रु. | १,०१८,५०० |
| ६२ | | | **बढी दर**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ । लागत अनुमान तयार १.८ मिटर भन्दा बढी उचाई भएको पर्खाल तथा संरचना निर्माण गर्दा स्काफोल्डीङ्ग सहितको नर्म्स प्रयोग गर्ने तथा १.८ मिटर भन्दा कम उचाई भएकोमा स्काफोल्डीङ्ग बाहेकको दर प्रयोग गर्नु पर्दछ । पालिकाले गोभौ १७ मिति २०७८।०३।२४ बाट ठोकर्पा मावि संरक्षण तथा घेरा वार निर्माण कार्य अन्तरगत स्टोन मेसनरी १:६ को १०४२.६२ घनमिटर पर्खाल निर्माण गरेकोमा स्काफोल्डीङ्ग सहित प्रति घनमिटर रु.८८११.२८ को दर प्रयोग गरेको छ । श्रेस्तामा संलग्न नापी किताब अनुसार १०४२.६२ घनमिटर पर्खाल मध्ये ६२४.२५ घनमिटर पर्खालको उचाई १.५ मिटर भन्दा घटी रहेको छ । पालिकाले तयार गरेको दर विश्लेषण अनुसार स्काफोल्डीङ्ग बाहेकको दर रु.८५२२.७८ मात्र रहेको छ । जस अनुसार उक्त निर्माण भएको १०४२.६२ मध्ये ६२४.२५ घनमिटर पर्खालको दर प्रति घनमिटर रु.२८८.५ बढीका दरले मुल्यांकन भएको देखिन्छ । उक्त घेरा पर्खाल निर्माण कार्यको ६२४.२५ घनमिटरमा प्रति घनमिटर रु.२८८.५० का दरले रु.१८००९६.१२ बढी भुक्तानी भएको देखिन्छ । अतः बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु. | १८०,०९६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **डण्डीको परिमाण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ । नेपाल सरकारबाट स्वीकृत नर्म्स अनुसार भवन निर्माण कार्यमा डण्डीको परिमाण लमसममा गणना गर्दा आरसीसी परिमाणको बिममा १.५ प्रतिशत, स्ल्याबमा १.२ र कोलुममा २ प्रतिशत आधार औषतमा १.५ प्रतिशतसम्म राख्ने गरेको पाईन्छ । गोभौ ५०४ मिति २०७८।०३।२२ बाट वडा नं ५ भवन निर्माण कार्यको प्राविधिक मूल्यांकनमा डण्डीको परिमण ५५७७.१ केजि समावेश गरेको पाईयो । डण्डीको परिमाण गणना गर्दा बार सेडुअल तयार नगरी लमसम राख्दा ३९.४७ घनमिटर आरसिसि परिमाणको १.५ प्रतिशतले हुने ४६४७.५९ केजी मात्र हुने देखिन्छ । जसअनुसार उक्त कार्यमा ९२९.५१ केजी बढी परिमाण गणना गरी प्रति केजी रु.१२४.५६ का दरले रु.११५७७९.४५ बढी भुक्तानी भएको देखिन्छ । तसर्थ बढी भुक्तानी भएको असूल हुनुपर्ने देखिएको रु. | ११५,७७९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४ | | | **पर्खालमा बढी दर**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सडक स्टकचरतर्फको निर्माण नर्म्स २०७५ को नर्मस नं २६०० अनुसार स्टोन वर्क १:६ को दर प्रति घनमिटर रु.८३३२ र १:४ को दर प्रति घनमिटर रु.८५३६ मात्र हुने देखिन्छ । तर पालिकाले फरक नर्म्सको प्रयोग गरी निम्नानुसार बढि दरको प्रयोग गरेको छ । उपभोक्ता समितिलाई लागत अनुमानकै दरमा भुक्तानी हुने हुदाँ देहायअनुसार योजनामा निम्नानुसारको दरमा बढी भुक्तानी भएको देखिन्छ । तसर्थ स्वीकृत नर्म्स भन्दा फरक नर्म्सको प्रयोग गरि बढी दरमा भुक्तानी भएको देहाय अनुसारको रकम असूल हुनुपर्ने देखिएको रु. | ३७०,९५१ |

| गोभौ | उपभोक्ता समिति | परिमाण | प्रयोग दर | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| प्र १२ | सेती देवी शाखा मावि जोडने लिंक सडक | २२५ | ९१३३ | ५९७ | १३४३२५ |
| प्र १५ | सुकुटे पूरानकोट मेलडाँडा सडक | १९९ | ८८११ | ४७९ | ९५३२१ |
| स २ | पिङ्गडाँडा कृषि सहकारी भवन देखि भञ्ज्याङ्ग सडक | ९१ | ८८११ | ४७९ | ४३५८९ |
| ४४४ | कल्लावारी सडक निर्माण | ४४ | ८८११ | ४७९ | २१०७६ |
| २७३ | कामीडाँडा सडक सुधार | ११२ | ८८११ | ४७९ | ५३६४८ |
| ५९ | गाउँपालिका स्तरीय सडक | ४८ | ८८११ | ४७९ | २२९९२ |
| | जम्मा | | | | ३७०९५१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५ | | | **ढुवानीमा बढी**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै लागत अनुमान तयार गर्दा निर्माण कार्यको लागि आवश्यक पर्ने निर्माण सामाग्रीहरुको नजिकको उपलब्धतालाई आधार लिई दरविश्लेषण गर्नुपर्दछ । पालिकाले यस वर्ष निर्माण कार्यको लागि तयार गरेको दर विश्लेषणमा बालुवाको १४ किलोमिटर ढुवानी दिएको छ । तर श्रेस्तामा संलग्न कागजात परीक्षण गर्दा बढीमा निम्नानुसार किलोमिटरमा ढूवानीवापत समावेश गरी भुक्तानी दिएको पाईयो । जसबाट देहायको योजनामा ढुवानीमा बढी दर कायम हुन गई बढी भुक्तानी भएको देखिन्छ । उक्त रकम असूल हुनुपर्दछ । रु | ६९४,९५७ |

| भौ नं | योजना तथा उपभोक्ता | परिमाण | ढुवानी दिनुपर्ने | ढुवानी बढि दिएको | दर | रकम |
|---|---|---|---|---|---|---|
| १३०. | ठोकर्पा मावि भवन पहिरो नियन्त्रण | १३९.८१ | ८. | ६. | ८४०. | ११७४४०.४ |
| १७. | ठोकर्पा मावि संरक्षण तथा घेरावार | ४५९.५२ | ८. | ६. | ८४०. | ३८५९९६.८ |
| ६६. | गाउवस्ती पहिरव नियन्त्रण | ३०. | ७. | ७. | ९१०. | २७३००. |
| ५९. | गाउँपालिका स्तरीय सडक | २१. | ४. | १०. | १६१०. | ३३८१०. |
| १५. | सुकुटे उखुवारी पुरानकोट सडक | ८१. | ४. | १०. | १६१०. | १३०४१०. |
| | जम्मा | | | | | ६९४९५७.२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | **सिमाभन्दा बढीको कार्य उपभोक्ता सिमितिबाट**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीता अंश. सहित रु.१ करोड सम्म लागत अनुमान भएको निर्माण कार्य कार्यमात्र दिन मिल्ने व्यवस्था छ । पालिकाले ठोकर्पा मावि संरक्षण तथा घेरावार निर्माण कार्यको लागि मुल्यअभिवृद्धि कर, ओभरहेड र कन्टिन्जेन्सी बाहेक रु.९७८८९०५ लागत अनुमान भएको कार्यको लागि पालिकाले रु.८८२७००० बेहोर्ने गरी उपभोक्ता समितिसँग सम्झौता गरेको छ । उक्त लागत अनुमानमा १५ प्रतिशतले हुने ओभरहेड रु.१४६८३३६ र मुल्य अभिवृद्धि कर रकम रु.१४६३४४१ जोडदा कुल लागत अनुमान रु.१२७२०६८२ हुने देखिन्छ । जसअनुसार उक्त कार्य उपभोक्ता समितिबाट गराउन मिल्ने देखिदैन । जसअनुसार पालिकाले प्रतिस्पर्धाको माध्यमबाट गर्नुपर्ने कार्य उपभोक्ता समितिबाट गराएकोले खरिद नियमावलीको पालना भएको देखिएन । तसर्थ नियमावलीमा तोकीए बमोजिम प्रतिस्पर्धाको माध्यमबाट कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६७ | | | **अग्रिम कर**<br>आयकर ऐन २०५८ (नेपाल सरकार आर्थिक ऐन २०७६ बाट भएको संशोधन) को दफा ८९(३क) मा उपभोक्ता समिति मार्फत काम लागाउने गरि गरिएको सम्झौतामा पचास लाख भन्दा बढी भुक्तानी हुने कार्यको भुक्तानीमा रकममा १.५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले रु.९७८८९०४ लागत अनुमान भएको ठोकर्पा मावि संरक्षण तथा घेरावार निर्माण कार्य कार्यलेयले रु.८८२७००० बेहोर्ने गरी उपभोक्ता समितिसँग सम्झौता गरेको छ । उपभोक्ता समितिले रु.९७९२८६२ को कार्य गरी गोभौ १६ मिति २०७८।०३।२४ बाट रु.८८२७००० भुक्तानी लिएकोमा रु.७५४७८ मात्र अग्रिम कर काटेको छ । भुक्तानी रकमको १.५ प्रतिशले हुने रु.१३२४०५ कट्टी नगरी रु.७५४७८ मात्र कट्टी नपुग कर रकम रु.५६९२७ असूल हुनुपर्दछ । रु. | ५६,९२७ |
| ६८ | | | **बढी दर**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ । लागत अनुमान तयार गर्दा १.८ मिटर भन्दा बढी उचाई भएको पर्खाल तथा संरचना निर्माण गर्दा स्काफोल्डीङ्ग सहितको नर्म्स प्रयोग गर्ने तथा १.८ मिटर भन्दा कम उचाई भएकोमा स्काफोल्डीङ्ग बाहेकको दर प्रयोग गर्नु पर्दछ । पालिकाले गोभौ १५ मिति २०७८।०३।२३ बाट सुकुटे पुरानकोट मेलडाँडा सडक निर्माण कार्य अन्तरगत १.६ मिटर उचाई भएको १४७.५२ घनमिटर पार्खाल लगाएको छ । पालिकाले तयार गरेको दर विश्लेषण अनुसार स्काफोल्डीङ्ग बाहेकको दर रु.८५२२.७८ मात्र रहेको छ । जस अनुसार उक्त पर्खालको दर प्रति घनमिटर रु.२८८.०५ बढीका दरले मुल्यांकन भएको देखिन्छ । उक्त घेरा पर्खाल निर्माण कार्यको १४७.५२ घनमिटरमा प्रति घनमिटर रु.२८८.५० का दरले रु.४२५५९.५२ बढी भुक्तानी भएको देखिन्छ । अतः बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु. | ४२,५६० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९ | | | **प्रदेश समपुरक**<br>समपुरकको रकमबाट पालिकाको अंश नबेहोरेको । बागमती आर्थिक मामिला तथा योजना मन्त्रालयको प.सं.१३-२०७६/७७ च.नं.५१ मिति २०७६।०९।०७ को पत्रमा पालिका र प्रदेश सरकारको ५०/५० प्रतिशत लागत साझेदारी रहने गरी स्थानीय प्रथामिकता प्राप्त योजना संचालन गर्दा कुल लागत अनुमान भन्दा घटीमा ठेक्का व्यवस्थापन भएको अवस्थामा ठेक्का सम्झौता भएको ५० प्रतिशत रकम मात्र प्रदेश सरकारको लगानी हुने र प्रदेश सरकारबाट उपलब्ध गराइएको रकममा कबोल अंकको ५० प्रतिशत घटाउँदा बचत हुने रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने उल्लेख छ । पालिकालई यस वर्ष प्राप्त बजेट मध्ये सुकुटे महेन्द्र कान्ती मिलडाँडा सडक निर्माणका लागि रु.१ करोड बजेट प्राप्त भएको दुई प्याकेजमा गरी यस वर्ष रु.९६२३८६८।०० खर्च भएको छ । उक्त खर्च रकममा पालिकाले ५० प्रतिशतले हुने रकम रु.४८११९३४ ।०० बेहोर्नुपर्नेमा सबै रकम प्रदेश समपुरक तर्फ खर्च गरेको छ । तसर्थ पालिकाको अंश खर्च नगरी प्रदेश समपुरक तर्फ मात्र खर्च गरेकोले पालिकाबाट खर्च लेखि प्रदेश फिर्ता हुनुपर्ने देखिएको रु. | ४,८११,९३४ |
| ७० | | | **उपभोक्ता समितिको खर्च** | |
| ७०.१ | | | बागभैरब रंगशाला निर्माणबापत उपभोक्ता समितिलाई रु २९ लाख ६० हजार भुक्तानी भएको छ । उक्त निर्माण कार्यको स्थलगत अवलोकन गर्दा निर्माण कार्य अधुरोनै रहेको देखियो । रंगशालाको पूर्ण रुपमा निर्माण सम्पन्न गर्न बजेट तथा समयको सुनिश्चितता भएको देखिएन । श्रोत सुनिश्चित नगरी योजना कार्यान्वयन गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।<br> | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७०.२ | | | सुनकोसी गाँउपालिका वडा नम्बर ५ स्थित रतनकोट सामुदायिक भवन निर्माणको लागि उपभोक्ता समितिसग रु ११ लाख २६ हजार भुक्तानी दिएको छ । उक्त भवनको स्थलगत निरीक्षण गर्दा निर्माण कार्य अधुरो रहेको, भवनको जग तथा डिपिसि होचो रहेको, भुईतलाको पिलरमात्र उठाएको र पिलर भन्दा माथिको डन्डीमा खिया लागेको देखियो । निर्माणाधिन भवनको डिपिआर स्विकृत नभएको , नक्सा पास नभएको र वजेट सुनिश्चितता पनि नदेखिएकोले भवनको निर्माण सम्पन्न हुने अवस्थाको सुनिश्चितता देखिएन । बजेट सुनिश्चितता नगरी योजना छनौट गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।  | |
| ७०.३ | | | स्थनिय पूर्वाधार विकास साझेदारी कार्यक्रम(संचालन कार्यबिधि) नियमावली, २०७७ को नियम १५(३) मा कुनै आयोजनाको कार्यान्वयनको सम्बन्धमा समय, लागत र गुणस्तर सम्बन्धि कुनै प्रश्न उठेमा निर्देशक समितिले सो सम्बन्धमा अनुगमन र जाँचबुझको लागि बिषेश अनुगमन टोली गठन गर्न सक्ने व्यवस्था छ । यस पालिकाबाट कार्यन्वयन गरिएका स्थनिय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तरगतका निम्न योजनाहरुको स्थलगल अनुगमन गर्दा उपभोक्ताहरु बिच निर्माण स्थल र योजना कार्यान्वयनको बिषयमा बिबाद रहेको देखियो ।<br><br>सि नं \| योजनाको नाम \| कन्टिन्जेन्सी सहित खर्च रकम<br>१ \| रतुवापाटी महाँकाल सडक \| १००००००।००<br>२ \| सेरा बगर सडक \| १००००००।००<br> \| \| २००००००।००<br><br>दुबै योजनाहरुको स्विकृत डिपिआर नभएकोले निर्देशक समितिलाई योजनाको चेनेज तथा कार्य स्पस्ट खुलाई योजना स्विकृत गर्न कठिनाई भएको देखिन्छ। चेनेज स्पस्ट नगरी कार्यक्रम स्विकृत हुदाँ स्थानिय उपभोक्ता र कार्यपालिका बिच निर्माण स्थल र निर्माण कार्यको बिषयमा बिबाद उत्पन्न भएको छ । स्थलगत अवलोकनको क्रममा स्थानिय उपभोक्ताहरुसग छलफल गर्दा योजना फरफारकको क्रममा आम उपभोक्ताहरु बिच छलफल नगरी समितिमा आवद्ध उपभोक्ताहरु बिच मात्र छलफल भएको गुनासो प्राप्त भएको छ । तसर्थ निर्देशक समितिले नियम १५ बमोजिमको अनुगमन टोली गठन गरी स्विकृत कार्यक्रम बमोजिम योजना कार्यान्वयन भए नभएको अनुगमन गरी प्रतिबेदन पेश गर्नु पर्दछ । साथै निर्देशक समितिले डिपिआर स्विकृत नभएका योजनामा वजेट बिनियोजन नगर्ने र डिपिआर नभएका योजनामा बजेट बिनियोजन गर्नु पर्ने | २,०००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | अवस्था आएमा चेनेज तथा गर्नुपर्ने कार्य (जस्तैः मसिनारी वाल , ग्याबिन कार्य , ढलान कार्य , सडक विस्तार, सडकको नया ट्र्याक खोल्ने आदि) स्पस्ट गरेर मात्र रकम विनियोजन गर्नु पर्दछ । स्थानिय बिबाद निरुपण र योजना कार्यान्वनमा निर्देशक समिति र गाँउ कार्यपालिका बिच प्रभावकारी समन्वय नहुदाँ नर्माण स्थल र निर्माण कार्यमा बिबाद श्रृजना भएकोले समन्वय गरी तोकिए बमोजिम कार्य भएको प्रमाण पेश गर्नु पर्दछ । रु<br><br>क्रमशः रतुवापाटी महाँकाल सडक र सेराबगर सडकको केहि अंश | |
| ७१ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशकाको तथा कामका लागि पारिश्रमिकमा आधारीत सामुदायिक आयोजना व्यवस्थापन तथा संचालन कार्यविधि २०७७ को बुदा नं ५(३) मा यस कार्यक्रम अन्तरगत संचालन हुने आयोजनाबाट सिर्जना हुने रोजगारीमा बेरोजगार व्यक्तीको सुचीको पहिलो प्रथामिकतामा रहेका व्यक्तीलाई १०० दिनको रोजगारीको सूनिश्चतता गरीसके पछि क्रमशः तल्लो प्रथामिकताक्रमको बेरोजगार व्यक्तीलाई १०० दिनको रोजगारीमा खटाउनुपर्ने उल्लेख छ । तर गोभौ २९१ मिति २०७८।०३।२० बाट ठोकर्पा खानेपानी निर्माण कार्यको ज्याला भुक्तानीमा रु.२३०८९२२ भुक्तानी दिएको छ । भुक्तानी श्रेस्तामा संलग्न कागजात तथा बैकं अडर अनुसार पालिकाले ११३ देखि १३० दिन सम्म ३८ जना ज्यामि प्रयोग गरी पाईपलाईन खन्ने पुर्ने कार्य गरेको देखिन्छ । जसअनुसार कार्यविधिमा उल्लेख भए बमोजिम पहिलो प्रथामिकताक्रमको बेरोजगारहरुलाई १०० दिनको रोजगारी उपलब्ध गराई सकेपश्चात दोस्रो प्रथामिताक्रममा रहेको बेरोजगारहरुलाई रोजगारीको अवसर दिनुपर्नेमा पालिकाले सो गरेको देखिएन । जसअनुसार कार्यविधिमा उल्लेख भए अनुसार कार्यमा लगाउँदा उपरोक्त ३८ जनाको अतिरक्त थप ७ जना बेरोजगारहरुलाई १०० दिनको रोजगारी उपलब्ध गराउन सकिने देखिन्छ । तसर्थ पालिकाले कार्यविधिमा उल्लेख भए अनुसार कार्य गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ७२ | | | **ज्यालको रकम**<br>प्रधानमन्त्री रोजगार कार्यक्रम संचलन निर्देशिका (संशोधन समेत) तथा काममा आधारित पारिश्रमिक सम्बन्धी निर्देशिकाको बुँदा नं. ६(1) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विनियोजित रकम श्रमिकको ज्यालामा मात्र खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष यस कार्यक्रम अन्तरगत २८ वटा योजना संचालन गरी रु.२५९९६२१२ । ०० खर्च गरेको छ । जसमध्ये देहाय अनुसार योजनामा सामाग्रीतर्फ वडाको साझेदारीको नपुग अंश सहित १९ योजनामा सामाग्री खरिदको रकम समेत संघीय सशर्त | ३,८२५,१७४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | शिर्षकबाट खर्च लेखेको छ । जसअनुसार निर्देशिका तथा कार्यविधि अनुसार ज्याल बाहेको रकम लागत साझेदारीमा वेहोर्नुपर्ने यस कार्यक्रमबाट भुक्तानी दिएको देखिन्छ । तसर्थ योजना कार्यान्वयन गर्दा ज्याला बाहेको कार्यक्रमबाट खर्च लेखेको रकम पालिकाबाट खर्च लेखि संघीय संचित कोष फिर्ता हुनुपर्ने देखिएको रु. | |

| भौ नं | योजनाको नाम | संघीय रकारबाट खर्च | ज्याल वापत खर्च लेख्न मिल्ने रकम | सामाग्री खर्च लेखेको रकम |
|---|---|---|---|---|
| २५४ | ठकुरीगाउँ बाह्रकिलो सडक | १४०००० | १०१७४१ | ३८२५९ |
| ३७३ | वडा नं ३ वस्ती सडक | २७४०९० | १४९०१६ | १२५०७४ |
| ३३४ | कल्लावारी सडक मर्मत | १४८४५० | ७७१६१ | ७१२८९ |
| १०२ | जुगरे कृषि सडक | ४७०४८ | २५१८२ | २१८६६ |
| १७६ | डाँडावारी मैदानटोल सडक मर्मत | ७९६१८ | ६९९५१ | ९६६७ |
| १८९ | सेतीदेवी तिनचम्के पदमार्ग मर्मत | ४४५१३७ | ३६३६३६ | ८१५०१ |
| १९० | महेन्द्रोदय खेल मैदान | २४५५७५ | २२८८०५ | १६७७० |
| ३३१ | अन्तर्पु पाखरखोला घाट पदमार्ग | २९६७५८ | १९११६१ | १०५५९७ |
| १८९ | वडा कार्यालय सडक | ४४५१३७ | २३३४३३ | २११७०४ |
| ३३३ | ठोकर्पा ग्रामिण सडक तथा पदमार्ग | १५३३४२२ | ९५७७३१ | ५७५६९१ |
| ३४६ | सुकुटे उखुवारी पुरानकोट सडक | ९८९५३८ | ६७१४६१ | ३१८०७७ |
| ३३५ | यामुनाडाँडा ग्रामिण सडक | १९७७०९८ | १६५०७५० | ३२६३४८ |
| ३३० | बेत्रावती यामुनडाँडा ग्रामिण कृषि सडक | १५२१०४१ | १२७६६०९ | २४४४३२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३३२</td><td>सुनखानी ग्रामिण सडक तथा गोरेटो बाटो</td><td>१९८०११०</td><td>१६३२४०८</td><td>३४७७०२</td></tr>
<tr><td>३३६</td><td>पाखरखोला कल्भर्ट</td><td>१३९२२८१</td><td>९५०४७४</td><td>४४१८०७</td></tr>
<tr><td>३७७</td><td>थुम्पाखर पदमार्ग</td><td>२२०५५२२</td><td>१८५९१६७</td><td>३४६३५५</td></tr>
<tr><td>३४४</td><td>थुम्पाखर सडक</td><td>२१७७०८७</td><td>१८४७२२८</td><td>३२९८५९</td></tr>
<tr><td>३४१</td><td>वडा कार्यालय सडक</td><td>१४४७६०</td><td>१०७९४३</td><td>३६८१७</td></tr>
<tr><td>३४२</td><td>पाङ्ग्रेटार सडक गोरेटो बाटो तथा खानेपानी</td><td>१६०२१८३</td><td>१४२५८२५</td><td>१७६३५८</td></tr>
<tr><td></td><td></td><td>१७६४४८५५</td><td>१३८१९६८१</td><td>३८२५१७४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७३</td><td></td><td></td><td>बढी दर<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने व्यवस्था छ । लागत अनुमान तयार गर्दा १.८ मिटर भन्दा बढी उचाई भएको पर्खाल तथा संरचना निर्माण गर्दा स्काफोल्डीङ्ग सहितको नर्म्स प्रयोग गर्ने तथा १.८ मिटर भन्दा कम उचाई भएकोमा स्काफोल्डीङ्ग बाहेकको दर प्रयोग गर्नु पर्दछ । पालिकाले गोभौ १६ मिति २०७८।०३।१७ बाट बाघभैरव मावि रंगशाला निर्माण कार्य अन्तरगत स्टोन मेसनरी १:६ को ३१६.९१ घनमिटर पर्खाल निर्माण गरेकोमा स्काफोल्डीङ्ग सहित प्रति घनमिटर रु.८८११.२८ को दर प्रयोग गरेको छ । श्रेस्तामा संलग्न नापी किताब अनुसार ३१६.९१ घनमिटर पर्खाल मध्ये २७६.१४ घनमिटर पर्खालको उचाई १.८ मिटर भन्दा घटी रहेको छ । पालिकाले तयार गरेको दर विश्लेषण अनुसार स्काफोल्डीङ्ग बाहेकको दर रु.८५२२.७८ मात्र रहेको छ । जस अनुसार उक्त निर्माण भएको ३१६.९१ मध्ये २७६.१४ घनमिटर पर्खालको दर प्रति घनमिटर रु.२८८.५०९ बढीका दरले मुल्यांकन भएको देखिन्छ । उक्त घेरा पर्खाल निर्माण कार्यको २७६.१४ घनमिटरमा प्रति घनमिटर रु.२८८.५० का दरले रु.७९६६६.३९ बढी भुक्तानी भएको देखिन्छ । अतः बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु.</td><td>७९,६६७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७४ | | | **ठोकर्पा माविलाई अनुदान**<br>ठोकर्पा माध्यामिक विद्यालयलाई पालिकाले संघीय सरकार सशर्त अनुदान बाहेक २ जना विद्यालय कर्मचारी सहितको मासिक रु.१४५९८०।०० का दरले यस वर्ष १८९७७४०।०० उक्त विद्यालयलाई गापा शिक्षक तथा कर्मचारी अनुदान भनी उपलब्ध गराएको श्रेस्ताबाट देखिन्छ । गोभौ ५ मिति २०७७।०६।२८ बाट ठोकर्पा माविलाई संचालन अनुदान भनी सभाबाट विनियोजन भए अनुसार रु.१० लाख उपलब्ध गराएको छ । श्रेस्तामा संलग्न भुक्तानीको स्वीकृत टिप्पणी तथा विद्यालयबाट पेश भएको प्रस्ताव र विद्यालयसँगको सम्झौता अनुसार पालिकाले नमुना विद्यालय शैक्षिक सुधारका सिकाई उपलब्धी वृद्धीको लागि विद्यालयमा कक्षाकोठा व्यवस्थापन, शिक्षक तालिम, प्रशासनीक सुधारका लागि उक्त रकम उपलब्ध गराईएको उल्लेख छ । तर विद्यालयलाई उपलब्ध गराईएको अनुदान रकम मध्ये रु.८६५०००।०० शिक्षक तलब, रु.१८१०००।०० लेखापाल तथा विद्यालय कर्मचारी तलब, रु.४५०००।०० प्रशासनीक सुधार र रु.८००००।०० शैक्षिक सुधारमा खर्च गर्ने गरी माग गरेको छ । सोही आधारमा पालिकाबाट निकासा भएको देखिन्छ । तर उक्त रकम विद्यालयको खर्च गरेको विल भरपाई लगायतका कागजात पालिकामा पेश गरेको देखिएन । जसअनुसार पालिकाबाट शिक्षक तथा विद्यालय कर्मचारीको तलब वापतको रकम अनुदान उपलब्ध गराएको अवस्थामा विद्यालयलाई पुनः एकमुष्ट सोही कार्यकोको लागि भनी विनियोजन भए बमोजिमको रकम निकासा दिएकोले उक्त अनुदान रकम र गापा शिक्षक अनुदानसँग दोहोरो परेको देखिन्छ । त्यसैगरी कक्षाकोठ व्यवस्थापन तथा शैक्षिक सुधार भनी उपलब्ध गराएको रकम शिक्षक तथा विद्यालय कर्मचारीको तलबमा खर्च गर्न नपाउने देखिएकोले पालिकाले यकिन गरी दोहोरो परेको रकम असुल हुनुपर्ने देखिएको रु. | १,०००,००० |
| ७५ | | | **शिक्षकतलबमा अनुदान**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका तथा विद्यालयले निजिश्रोतमा राखेको शिक्षक तथा विद्यालय कर्मचारीलाई संघ तथा प्रदेश सरकारको अनुदान तथा राजस्व बाँडफाँड रकमबाट बेहोर्ने गरी गोभौ २, ८ र १४ बाट रु.४९३७८३० लाख तलब भत्ता निकासा गरेको पाईयो । विद्यार्थि शिक्षक अनुपात तथा शीक्षक दरबन्दी मिलान गरी यस प्रकारका खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| ७६ | | | **बढी दरमा बैठक भत्ताः**<br>बागमती प्रदेश सरकारद्धार प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्ध ऐन, २०७५ को अनुसुचि १(क) मा पदाधिकारीले प्रतिबैठकरु १०००। का दरले बैठक भत्ता पाउंने व्यबस्था उल्लेख छ ।पालिकाले निम्न भौचर नं र मितिमा पदाधिकारीको संयोजकत्वमा बसेको बैठकको बैठक भत्ता रु १,५००।का दरले भुक्तानी गरेको देखियो ।ऐनमा तोकिएको भन्दा बढी दरमा भुक्तानी भएको बैठक भत्ताको बढी रकम असुल हुनु पर्ने । | १९१,९५८ |

| भौ नं | बिबरण | बैठक संख्या र दर | भुक्तानी | फरक रकम |
|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | रकम | (कर बाहेक) | |
| | | | ६०, ०७७।६।१६ | गाउशिक्षा समितिको बैठक, अध्यक्ष श्र श्रवण कुमार जि सी लगायत १८ जनाको | ५ बैठक, १८ जनाको रु १५००।को दर | ९५,५००। | २७०५८। | |
| | | | ३२०, ०७७।९।२८ | गाउ कार्यपालिकाको बैठक, अध्यक्ष श्र श्रवण कुमार जि सी लगायत १९ जनाको | ७ बैठक रु १५००। को दर | १३२०००। | ३७४००। | |
| | | | ३२०, ०७७।९।२८ | समपुरक योजनाको वोलपत्र सम्बन्धि बैठक, अध्यक्ष श्र श्रवण कुमार जि सी लगायत १० जनाको | १ बैठक रु १५००।को दर | १५०००। | ४२५०। | |
| | | | ७१०, ०७८।३।२० | गाउसभा बैठक, अध्यक्ष श्र श्रवण कुमार जि सी लगायत ७९ जनाको ( अध्यक्षले मात्र रु १५००। पाउने) | १ बैठक, रु १५००।दरले ७८ जनाको | ९७५००। | २७२००। | |
| | | | ६८०, ०७८।३।९ | कार्यपालिकाको बैठक, अध्यक्ष श्र श्रवण कुमार जि सी लगायत २३ जनाको | १५ बैठक रु १५००।को दर | २८९५००। | ८२०२५। | |
| | | | ४९८, ०७७।१२।२१ | आयुर्ववेद शाखाको बैठक, अध्यक्ष श्र श्रवण कुमार जि सी लगायत ८ जनाको | ६ बैठक रु १५००।को दर | ४९५००। | १४०२५। | |
| | | | **जम्मा** | | | | **१,९१,९५८।** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७७</td><td></td><td></td><td>दोहोरो यातायत सुविधाः<br>स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन २०७५ को अनुसुचि १(क)मा गाउपालिका अध्यक्ष, उपाध्यक्ष , वडा अध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यले मासिक यातायत खर्च सवारी साधन उपलब्ध नभएमा क्रमश रु १००००।, रु १००००।, रु ४०००। ,रु २५००। र रु २०००। पाउने व्यबस्था उल्लेख छ । पालिकाले वडा नं ५ का वडा अध्यक्ष श्री रामहरि खड्कालाई सवारी साधन १५० सी सी को पल्सर बाईक मिति २०७७।१२।२५ मा उपलब्ध गराएकोमा भौचर नं २२ बाट २०७८ बैसाख देखि अषाढ सम्मको यातायात सुविधा रु ४०००।का दरले ३ महिनाको रु १२०००। भुक्तानी गरेको देखियो । सवारी साधन उपलब्ध भई सकेपछिको यातायत सुविधा दोहोरो भुक्तानी भएकोले असुल हुनु पर्ने ।</td><td>१२,०००</td></tr>
<tr><td>७८</td><td></td><td></td><td>भुक्तानी दिन बाँकीको विबरणः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९ (१३) मा चालु बर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा कार्यालयले संलग्न बील भरपाई बमोजिमको रकम आगामी आर्थिक वर्षमा भुक्तानी दिन बाँकीको विबरण तयार गरी प्रमाणित गरी राख्नु पर्ने व्यबस्था उल्लेख छ । पालिकाले आर्थिक बर्ष २०७४।७५ को ६ महिनाको छुट भनी २३ जना वडा सदस्यहरुलाई पदाधिकारी पारीश्रमिक भौचर नं ७५३ मिति २०७८।३।२८ बाट रु ४४००००। र भौचर नं ४२५ मिति २०७७।११।६ बाट रु २३००००। गरी रु ६७००००। भुक्तानी गरेको देखियो । पदाधिकारीहरुको पारीश्रमिक छुट भएको भनि कार्यपालिकाको निर्णयको आधारमा उक्त रकम भुक्तानी भएको छ । भुक्तानी दिन बाँकिको अभिलेख प्रमाणित गरेर मात्र यस किसिमको रकम भुक्तानी गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>७९</td><td></td><td></td><td>न्यायिक समितिको बैठक<br>नेपालको संविधान, २०७२ को धारा २१७ मा प्रत्येक स्थानीय तहमा उपाध्यक्ष उपप्रमुखको संयोजकत्वमा ३ सदस्यीय न्यायिक समिति रहने व्यबस्था रहेको छ ।त्यसै गरी बाग्मती प्रदेश सरकारले स्थानीय तहका पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धमा बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को अनुसुचि १(ग) मा न्यायिक समितिको संयोजक र सदस्यका लागि मात्र बैठक भत्ता दिन पाउने व्यबस्था उल्लेख छ ।पालिकाले निम्न भौचर नं र मितिबाट न्यायिक समिति बाहेकका अन्य पदाधिकारी तथा कर्मचारीलाई बैठक भत्ता भुक्तानी गरेको देखियो ।तोकिएको भन्दा बढी पदाधिकारी तथा कर्मचारीलाई भुक्तानी भएको बैठक भत्ता असुल हुनु पर्ने रु<br>
<table>
<tr><th>भौ नं र मिति</th><th>नाम पद</th><th>बैठक संख्या र दर</th><th>कर बाहेक</th></tr>
<tr><td>५७१, ०७७।१२।२६</td><td>सोनाम लामा (मेलमिलाप संयोजक)<br>पार्वती कार्की (मेलमिलाप संयोजक)</td><td>१ बैठक रु १५००।<br>१ बैठक रु १५००।</td><td>१२७५।<br>१२७५।</td></tr>
</table></td><td>२५,४१५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | सनक दोर्जे तामाङ (मेलमिलाप संयोजक)<br>रमेश बहादुर थापा (मेलमिलाप संयोजक)<br>लक्ष्मी तिमल्सिना (मेलमिलाप संयोजक)<br>डम्बर बहादुर लामा (मेलमिलाप संयोजक)<br>बीर बहादुर बस्नेत (प्र प्र अ)<br>टोप बहादुर खड्का (गा पा प्रहरी) | १ बैठक रु १५००।<br>१ बैठक रु १५००।<br>१ बैठक रु १५००।<br>१ बैठक रु १५००।<br>१ बैठक रु १५००।<br>१ बैठक रु १५००। | १२७५।<br>१२७५।<br>१२७५।<br>१२७५।<br>१२७५।<br>१२७५। | | |
| | | | | ७५० ०७८।३।२५ | पार्वती कार्की (मेलमिलाप संयोजक)<br>कृष्ण प्रसाद सुवेदी (मेलमिलाप सदस्य)<br>प्रतिमा कार्की एम आई एस सहायक | १ बैठक १५००।<br>१ बैठक १५००।<br>३ बैठक १५००। | १२७५।<br>१२७५।<br>३८२५। | | |
| | | | | **जम्मा** | | | **१६५७५।** | | |
| | | | | ७५० ५७१ | लक्ष्मी पौडेल( संयोजक ) पाउने १२००।भुक्तानी १५००।फरक रु ३००।<br>नील बहादुर भण्डारी (सदस्य) पाउने १०००। भुक्तानी १५००। फरक रु ५००।<br>कान्छी लामा (सदस्य) पाउने १०००। भुक्तानी १५००। फरक रु ५००। | ८ बैठक<br>८ बैठक<br>८ बैठक | २०४०।<br>३४००।<br>३४००। | | |
| | | | | **जम्मा** | | | **८८४०।** | | |
| | | | | **कुल जम्मा** | | | **२५४१५।** | | |
| ८० | | | **भ्रमण अबधिमा बैठक भत्ताः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी कार्यालयले खर्च लेख्दा आवश्यक बिल, भर्पाई सहित खर्च लेख्नुपर्ने र भुक्तानीमा रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ। पालिकाले विभिन्न मितिमा निम्न पदाधिकारीहरुलाई दैनिक भ्रमण भत्ता भुक्तानी गरी भ्रमणमा खटाएको अवधिमा | | | | | | १५,७२५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | समेत विभिन्न मितिको बैठक भत्ता रकम भुक्तानी गरेको देखियो ।एकै समयमा दैनिक भ्रमण भत्ता र बैठक भत्ता दोहोरो भुक्तानी भएकोले भ्रमण अवधिको बैठक भत्ता असुल हुनु पर्ने रु १५७२५। | |

| कर्मचारी तथा पदाधिकारी | भ्रमण अवधि | बैठक मिति | बैठक संख्या र दर | रकम (कर बाहेक) |
|---|---|---|---|---|
| प्र प्र अ श्री बीर बहादुर बस्नेत | ६।१५देखि २० | ६।१९ | १ बैठक रु १५००। | १२७५। |
| ले अ श्री तारा प्रसाद निरौला | ६।१८देखि १२ | ६।११ | १ बैठक रु १५००। | १२७५। |
| ७ नं वडा अध्यक्ष श्री कृष्ण बहादुर खड्का | ४।४ देखि९<br>५।१०देखि १६<br>९।१७देखि २३<br>७।२ देखि ५ | ४।६<br>५।१६<br>९।२१<br>७।४ | ४ बैठक रु १०००। | ३४००। |
| ६ नं वडा अध्यक्ष श्री राम कुमार थापा | ६।३देखि९<br>६।१५देखि२१<br>९।२३देखि२७<br>८।६देखि१२ | ६।७<br>६।१७<br>९।२६<br>८।९ | ४ बैठक रु १०००। | ३४००। |
| प्र अ छैटौ श्री न्युटन लम्साल | ४।२३देखि२८ | ४।२५ | १ बैठक रु १५००। | १२७५। |
| स पाँचौ श्री प्रकास बस्नेत | ४।२३देखि२८<br>५।२५देखि२८<br>९।२२देखि२९ | ४।२५<br>५।२६<br>९।२१<br>९।२२ | ४बैठक रु १५००। | ५१००। |
| स पाँचौ श्री सुस्मा घिमिरे | ६।१४देखि २० | ६।१९ | १ बैठक रु १५००। | १२७५। |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | **जम्मा** | **१५,७२५।** | | |

८१

अनुगमन तथा संपरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाले यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण गराएको बेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

| आर्थिक वर्ष | बेरुजूको दफा नं | फछ्र्यौटको संक्षिप्त व्यहोरा | फछ्र्यौटको आधार | | | |
|---|---|---|---|---|---|---|
| | | | असुली | प्रमाण | नियमित | पेश्की |
| २०७५।७६ | २६ | देवीस्थान निर्माण सेवाको मुल्य अभिवृद्धी कर समायोजना भएको प्रमाण पेश | ० | ९२२१९० | ० | ० |
| २०७५।७६ | २७ | मिति २०७८।०४।१६ को कार्यपालिकाको निर्णय अनुसार वर्षाको समयमा खोला अनियन्त्रीत तथा विपद व्यवस्थापनको कार्य तत्काल गर्नुपर्ने भएको भनी नियमित गरेको | ० | ० | ३२६९४५९ | ० |
| २०७५।७६ | २९ | जस्ता र त्रिपाल बुझेको भरपाई पेश | ० | २२५३०० | ० | ० |
| २०७५।७६ | ३० | प्रविण जिसीको पेश्कफ फर्छ्यौट | ० | ० | ० | १००००० |
| २०७५।७६ | ३० | स्वास्थ्य सेवा केन्द्र निर्माण उसको पेश्की फछ्र्यौट | ० | ० | ० | ५५३२०५ |
| २०७५।७६ | ३० | ठोकर्पा माविको पेश्की फछ्र्यौट | ० | ० | ० | ७८५७०० |
| २०७५।७६ | ३० | राम न्यौपानेबाट असूली भएको भौचर पेश | १२०० | ० | ० | ० |
| २०७५।७६ | ४३ | महिला स्वयम सेविकाले संचार खर्च बुझेको भरपाई पेश | ० | ९०००० | ० | ० |
| २०७५।७६ | ४७ | असूल गरी बेरुजट्ट दाखिला गरेको प्रमाण पेश | १००००० | ० | ० | ० |
| २०७५।७६ | ४८ | असुल गरी बेरुजू दाखिला गरेको प्रमाण पेश | ४८५४० | ० | ० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७५। ७६ | ४९ | असुल गरी बेरुजू दाखिला गरेको प्रमाण पेश | ७१८४ | ० | ० | ० | | |
| | | | | २०७५। ७६ | ५१ | असुल गरी बेरुजू दाखिला गरेको प्रमाण पेश | ८७०३८ | ० | ० | ० | | |
| | | | | २०७५। ७६ | ५० | संघीय संचितकोष दाखिला गरेको प्रमाण पेश | ५८५००० | ० | ० | ० | | |
| | | | | २०७५। ७६ | ५७ घ | मूल्य अभिवृद्धि कर दाखिला गरेको प्रमाण पेश | ० | ५१३५०० | ० | ० | | |
| | | | | जम्मा | | | ८२८९६२ | १७५०९९० | ३२६९४५९ | १४३८९०५ | | |